का.जि.प्र.का.द.नं. १००/०५९/६०
२४ साउन २०८०,
बुधबार
9 August 2023,
Wednesday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २१, अंक १९५ । पृष्ठ १०   Madhyanha National Daily   www.madhyanhadaily.com

# जलमग्न काठमाडौं

उपत्यकाका ढुंगेधारा क्षेत्र, गौरीघाट, गुह्येश्वरी, कपन, सामाखुसी, अनामनगरलगायतका क्षेत्र डुबानमा परे । भारी वर्षाले काठमाडौंका विभिन्न क्षेत्र डुबानमा परे । कपनको निलो पुल र मुलपानी क्षेत्र पनि डुबे ।



**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, २३ साउन ।

सोमबार बेलुकीदेखि मंगलबार बिहानसम्म निरन्तर भएको वर्षाले काठमाडौं उपत्यकाका बिभिन्न क्षेत्र जलमग्न भए । जल तथा मौसम विज्ञान विभाग मौसम पूर्वानुमान महाशाखाका अनुसार काठमाडौंमा निरन्तर वर्षा रोकिएको छ । तर भारी वर्षाका कारण नदी र खोलामा आएको बाढीले काठमाडौंका विभिन्न क्षेत्र डुबे ।

महाशाखाका अनुसार काठमाडौं उपत्यकाको बुढानीलकण्ठ, सुन्दरीजल, नगरकोट र आसपास क्षेत्रमा बढी वर्ष भयो । जसका कारण विष्णुमती, धोबीखोला, मनोहरालगायत नदीखोलामा जलसतह बढेको थियो ।

जिल्ला प्रहरी परिसर काठमाडौंका प्रमुख तथा प्रहरी वरिष्ठ उपरीक्षक दानबहादुर कार्कीका अनुसार पृष्ठ २ मा

## संसदमा हटेन अवरोध

# बाँडिए विपक्षी



सुन प्रकरणमा उच्चस्तरीय छानबिन समिति आवश्यकता छ कि छैन ? यो थाहा पाउन पनि सदन चल्नुपर्छ ।

**रवि लामिछाने**
सभापति, रास्वपा



हामीलाई लागेको थियो सरकारले प्रतिपक्षीको मागलाई सम्बोधन गर्छ । तर भएन । त्यसकारण उच्चस्तरीय छानबिन समितिको माग यथावत छ । संसदमा विरोध जारी छ ।

**महेश बर्तौला**
सचेतक, एमाले

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २३ साउन ।

मंगलबार सरकारको जवाफ सुन्न तयार भएको प्रमुख विपक्षी नेकपा एमालेले फेरि पनि प्रतिनिधि सभाको बैठकमा अवारोध कायमै राखेको छ । सुन तस्करीको विषयमा उच्चस्तरीय छानबिन समितिको माग सरकारले पूरा नगरेकोा भन्दै एमालेले संसद अवरोध नहटाएको हो ।

गृहमन्त्रीको जवाफ चित्त नबुझेका कारण अवरोध जारी राख्नुपरेको एमालेका सचेतक महेश बर्तौलाको जवाफ छ । 'हामीलाई लागेको थियो प्रतिपक्षीको मागलाई सम्बोधन गर्छ । तर भएन । त्यसकारण उच्च स्तरीय पृष्ठ २ मा

### ३५ दिन कुर्न गृहमन्त्रीको अपिल

मंगलबार एमाले जवाफ सुन्न तयार भएपछि संसदमा मंगलबार उपप्रधान तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठले सम्बोधन गरे । ४० मिनेट लामो सम्बोधनका क्रममा गृहमन्त्री श्रेष्ठले मुख्यत : राज्यका निकायले जारी राखेको अनुसन्धानमाथि विश्वास गर्न आग्रह गरे ।

केन्द्रीय अनुसन्धान ब्युरो ('सीआईबी)ले ३५ दिन भित्र अनुसन्धान सकाउने उल्लेख गर्दै उनले त्यतिन्जेलसम्म भए पनि कुर्न आग्रह गरे । गृहमन्त्री पृष्ठ २ मा



माओवादी वा कुनै पार्टी होस् अनुसन्धानले तथ्य प्रमाणले दोषी देखाउँछ भने कोही छुट्नेवाला छैनन् । अनुसन्धानका तथ्य प्रमाणले दोषी देखाए भने कोही छुट्दैन, कोही उम्कन पाउँदैन ।

**नारायणकाजी श्रेष्ठ**
गृहमन्त्री

## देशभरकै मुख्य राजमार्ग प्रभावित

*प्रहरीका अनुसार अविरल वर्षा र त्यसपछि आएको बाढी–पहिरोका कारण मंगलबार देशैभर मुख्य राजमार्ग प्रभावित बने । नारायणगढ–मुग्लिन सडक खण्डको कालिखोलामा गएको पहिरोका कारण यो सडक प्रभावित भयो। कालिगण्डकी करिडोर अवरुद्ध भयो । सिद्धार्थ राजमार्ग अहिले एकतर्फी मात्र सञ्चालनमा आउन सक्यो । भिमदत्त राजमार्ग पनि अवरुद्ध भयो ।*

*प्यूठानको भालुवाङ सडकखण्ड, पूर्वी नेपालतर्फ पाँचथरको तमोर कडिडोर सडकखण्ड, काभ्रेको वीपी राजमार्गमा, मकवानपुरको कान्ती लोकपथ, नुवाकोटको पासाङल्हामु राजमार्ग समेत अवरुद्ध भए । म्यागदीको बेनी–जोमसोम सडक खण्ड समेत अवरुद्ध भयो। डडेलधुराको बतुडर–जोगबुढा भित्रि सडक खण्ड समेत अवरुद्ध भयो ।*

## मकवानपुर पहिरो : दुईको मृत्यु



मकवानपुरको बागमती गाउँपालिकामा गएको पहिरोमा परेर एक जनाको मृत्यु भएको छ । एक जनाको उद्धार गरिएको छ भने चार जना बेपत्ता भएका छन् । हराइरहेका मध्ये पासाङ घिसिङलाई जीवितै उद्धार गरिएको हो ।

काभ्रेको खानीखोला र मकवानपुरको बागमती गाउँपालिकाको सिमानामा पर्ने सिक्रे खोलामा पहिरोले एउटा घर बगाउँदा हराएका ७ मध्ये एक जना मृत फेला पर्दा एक जनाको करिब १५ घण्टापछि जीवितै उद्धार गरिएको हो । ५ जना भने मंगलबार साँझसम्म बेपत्ता रहेका छन् ।

अविरल वर्षाका कारण मंगलबार बिहान करिब ४ बजेको समयमा बागमती गाउँपालिकाको ५ नम्बर वडास्थित सिक्रे दोभानमा भलसहितको पहिरोले स्थानीय अक्कलबहादुर स्याङ्तानको घर बगाएको थियो ।

पहिरोमा उनको श्रीमती ५५ वर्षीय सन्तमाया स्याङ्तानको मृत्यु भएको छ । उद्धार गरी नजिकैको मेडिकलमा उपचार गराउने क्रममा उनको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रवक्ता प्रहरी नायब उपरीक्षक टेकबहादुर कार्कीले जानकारी दिए । पहिरोमा ६० वर्षीय अक्कलबहादुर, पृष्ठ २ मा

## रोल्पा बस दुर्घटनामा पाँचको मृत्यु



**मध्यान्ह संवाददाता**
काठमाडौं, २३ साउन ।

रोल्पाको बागमाराबाट दाङको घोराहीका लागि छुटेको बस दुर्घटनामा पर्दा पाँच जनाको मृत्यु भएको छ । १९ जना उपचाररत छन् ।

सहिदमार्गअन्तर्गत रोल्पाको त्रिवेणी गाउँपालिका–७ गैरीगाउँस्थित रिचि गाउँको सडक खण्डमा मंगलबार दुर्घटनाग्रस्त भएको बसमा सवार एक महिलासहित ४ जनाको घटनास्थलमै मृत्यु भएको थियो भने १९ जना घाइते भएका थिए ।

प्रहरीका अनुसार मंगलबार सवा १ बजेतिर ना ५ ख २६१२ नम्बरको बस रिचि सडकबाट करिब १ सय ५० मिटर मुनि खोल्सीमा खसेर दुर्घटनाग्रस्त भएको थियो । दुर्घटनामा परी घटनास्थलमा मृत्यु भएकामा रोल्पाको माडी गाउँपालिका निवासी २२ वर्षीय प्रकाश बाठा, माडी–४ का ५१ वर्षीय गोर्खे डाँगी र उनकी ५० वर्षीय श्रीमती हस्ता डाँगी र रोल्पाको परिवर्तन गाउँपालिका–३ का ४६ वर्षीय भक्त विक रहेका छन् । घाइते अवस्थामा भेटिएका बसका चालक दाङको घोराही उपमहानगर–१२ हापुरका २४ वर्षीय हुमराज बस्नेतलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

घाइते हुनेहरुमा रोल्पाको माडी–६ का १४ वर्षीय नवीन बुढामगर, रोल्पा त्रिवेणी–७ छम्पासुनारीका ६२ वर्षीय कमानसिंह सुनार, रोल्पा नगरपालिका–६ दारबोटका २५ वर्षीय कमानसिंह घर्तीमगर, रोल्पा माडी–४ का ९ वर्षीय मिलन डाँगी, रोल्पा माडी–६ कोर्चाबाङका १५ वर्षीय मुकेश पुन, रोल्पा माडी–२ घर्तीगाउँका २० वर्षीय जितेश बाठा, रोल्पा माडी–७ का २३ पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

## घरेलु कामदारको प्रतिबन्ध हटाउन अधिकतम प्रयासमा छु : श्रममन्त्री भण्डारी

**मध्यान्ह संवाददाता**
काठमाडौं, २३ साउन

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शरतसिंह भण्डारीले संसदीय समितिले पूर्णता पाउनासाथ घरेलु कामदारको श्रम स्वीकृतिमाथिको प्रतिबन्ध हटाउन पहल गर्ने योजनामा रहेको बताएका छन् ।

रिटर्नी कामदारहरुको संस्था पौरखी नेपालले वैदेशिक रोजगारअन्तर्गत घरेलु कामदारको श्रम स्वीकृति नदिने सरकारी निर्णय विभेदकारी र असंवैधानिक रहेको भन्दै मंगलबार ध्यानाकर्षण गराएपछि मन्त्री भण्डारीले उक्त आश्वासन दिएका हुन् । मन्त्रीले भण्डारीले आफू र मन्त्रालयका सचिव केवलप्रसाद भण्डारी घरेलु कामदारमाथिको प्रतिबन्ध हटाउनुपर्ने पक्षमा रहेको भन्दै संसदीय समितिले दिएको विगतको निर्देशनका कारण कुनै निर्णय नगरी पर्खिरहेको बताए । घरेलु कामदारको श्रम स्वीकृति खुला गर्न राष्ट्रिय महिला आयोगले समेत आग्रह गरेको भन्दै मन्त्री भण्डारीले प्रतिबन्ध समस्याको समाधान नभएको विषयमा आफू प्रष्ट रहेको उल्लेख गरे। गत मंगलबार घरेलु कामदार सरोकार समाज नेपाल तथा पौरखी नेपालले संयुक्तरुपमा महिला आयोगकी सदस्य कृष्ण कुमारी पौडेल खतिवडालाई छुट्टाछुट्टै ध्यानाकर्षणपत्र बुझाउँदै मन्त्रालयलाई दबाब दिन माग गरेका थिए ।

ज्ञापनपत्र बुझाउँदै पौरखी नेपालकी सल्लाहकार मञ्जु गुरुङले वैदेशिक रोजगारीलाई सुरक्षित र मर्यादित बनाउन तथा विदेशमा नेपालीहरुको हक अधिकारको संरक्षण गर्न आवश्यक भएपनि महिला भएकै कारणले रोजगारी र स्वतन्त्रतापूर्वक आवागमनको संविधानप्रदत्त अधिकार उपभोगमा अंकुश लगाउने कार्य न्यायोचि नभएको बताइन् ।

पौरखी नेपालले आयोगलाई ध्यानाकर्षण गराएको पत्रमा प्रतिबन्ध समस्याको समाधान नभएको भन्दै प्रतिबन्धले मानव अधिकारको विश्वव्यापी घोषणापत्र, सीडको सामान्य सिफारिस २६, दिगो विकासका लक्ष्यहरु ५ र ८ तथा नेपालको संविधानले गरेको रोजगारको अधिकार हनन् गरेको उल्लेख छ ।

त्यसैगरी उक्त संस्थाले महिला घरेलु कामदारको श्रम स्वीकृतिमा निरन्तर प्रतिबन्ध लगाउँदा विमानस्थलमा सेटिङ गर्ने गिरोह, बिचौलिया र मानव तस्कर हरुलाई फाइदा पुगिरहेको बताएको छ। साथै महिलाहरु पृष्ठ २ मा

### फेमिसमा फाइल अपलोड अवरुद्ध

**काठमाडौं/मस–** वैदेशिक रोजगार विभागले आफ्नो अनलाइन प्रणालीको सेवा अवरुद्ध भएको बताएको छ । विभागले मंगलबार एक सूचना जारी गर्दै वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली (एफईआईएमएस)मा फाइल सर्भर माइग्रेट गर्नुपर्ने भएकाले मंगलबार साँझ ५ बजेदेखि अर्को सूचना जारी नभएसम्म सेवा अवरुद्ध भएको जनाएको छ ।

सेवा अवरुद्ध हुँदा अनलाइनबाट श्रम स्वीकृतिका लागि आवेदन दिन नमिल्ने र यसअघि नै अपलोड भएका फाइल हेर्न र परिवर्तन गर्न नसकिने बताइएको छ ।

ACADEMIC JOB VACANCY

कम्पनी : AL-MANAR INTERNATIONAL SCHOOL   शहर: Saudi Arabia
पूर्व स्वीकृत मिति: २०८०/०४/२३   चलानी नं.: ६०२०५८४५   L.T. No.: 290594

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | English Language Teacher | 1 | 0 | Bachelor Degree or Master Degree | 2200 | ७७,४६२/- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | High School Teacher | 1 | 0 | | 2200 | ७७,४६२/- | | | | | | | |
| 3. | Computer Teacher | 1 | 0 | | 2200 | ७७,४६२/- | | | | | | | |
| 4. | Computer Systems Technician | 1 | 0 | | 1800 | ६३,३७८/- | | | | | | | |

Drop your CV@Email: equator746@gmail.com
Pre Interview is Going on.
Final Interview will be held on 16 August 2023 in Equator International's Office.

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नुहोला ।

EQUATOR INTERNATIONAL (P.) Ltd.
LIC. NO. 746/064/065
कार्यालय: गोंगबु चोक, काठमाडौं, नेपाल Tel No: 014986469 / 014986470
Mob. No: 9851096808, 9851034986, 9851011886.
Email: equator746@gmail.com | Website: www.equatorintl.com

मध्यान्ह
www.madhyanhadaily.com
२४ साउन २०८०, बुधबार
9 August 2023, Wednesday

# कृष्णनगरका कर्मचारी अहमदविरुद्ध भ्रष्टाचार मुद्दा



**काठमाडौं/मस-** कपिलवस्तुको कृष्णनगर नगरपालिकाका पाँचौ तहका साकिर अहमद उपर डेढ करोड रुपैयाँ भन्दा बढी बिगो कायम गरी भ्रष्टाचार मुद्दा दायर गरिएको छ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले अहमदविरुद्ध बिगो १ करोड ५५ लाख ७९ हजार ६९५ रुपैयाँ ५८ पैसा कायम गरी गैरकानूनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको सम्बन्धी आरोप पत्र दायर गरेको हो। साकिर अहमदले सरकारी सेवा प्रवेश गरेको मिति मिति २०४८/१०/१५ देखि २०७८/०६/३० सम्मको समग्र आय तथा व्ययको विश्लेषण गर्दा निजको वैध आयतर्फ पारिश्रमिक आय, घरजग्गा बिक्री आय, विभिन्न भत्ता, कर्जाको आय, कृषि आय, विदेशबाट प्राप्त रेमिट्यान्स, सवारी साधन बिक्री, निर्माण सेवा आम्दानी र बैंक ब्याजबाट प्राप्त आयसमेत गरी जम्मा एक करोड १६ लाख ५३ हजार ९५७ रूपैयाँ ११ पैसा आर्जन गरेको देखिन्छ।

सोही अवधिमा निजले सिर्जना गरेका खर्च तथा लगानीतर्फ बैंकको ऋण चुक्ता, अध्ययन खर्च, कम्पनी लगानी, जग्गा खरिद र रजिस्ट्सन दस्तुर, ऋण दिएको, पुँजीगत लाभकर, शेयर खरिद, सवारी साधन खरिद, बिद्युतीय उपकरण खरिद र बैंक मौज्दातसमेत गरी दुई करोड ७२ लाख ३३ हजार ६५२ रूपैयाँ ६९ पैसा खर्च तथा लगानी देखिन आएको थियो।

खर्च तथा लगानीबाट सिर्जित आयबाट निजको व्यय घटाउँदा हुन आउने एक करोड ५५ लाख ७९ हजार ६९५ रुपैयाँ ५८ पैसा बराबरको खर्च तथा लगानी (सम्पत्ति) को वैधानिक स्रोत नखुलेको अख्तियारले जनाएको छ। अहमदसहित नुर जहाँ र साजन शाहलाई प्रतिवादी कायम गरी श्रोत नखुलेको सम्पत्तिबाट बढेबढाइ हाल कायम रहेको सम्पत्तिमध्येबाट बिगो र जरिवाना जफत गरी पाउन मागदावी लिइ मंगलबार विशेष अदालत, काठमाडौंमा आरोप पत्र दायर गरिएको हो।

# मधेशलाई सुख्खा क्षेत्र घोषणा गर्न माग



**पिन्टु यादव/मध्यान्ह**
सप्तरी, २३ साउन

मधेश प्रदेशलाई सुख्खा क्षेत्र घोषणा गर्न माग राख्दै प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई ज्ञापनपत्र बुझाइएको छ। नेपाल कम्युनिस्ट पार्टी एमालेले मंगलबार मधेश प्रदेशका आठ वटै जिल्ला प्रशासन कार्यालयमार्फत प्रधानमन्त्रीलाई ज्ञापनपत्र बुझाएको हो।

सप्तरीमा जिल्ला अध्यक्ष ताराकान्त चौधरीको नेतृत्वमा प्रमुख जिल्ला अधिकारी भुपेन्द्र थापामार्फत प्रधानमन्त्री दाहाललाई ज्ञापनपत्र पठाइएको एमाले जिल्ला सचिव देवनाथ यादवले बताए।

सप्तरीमा ज्ञापनपत्र बुझाउन केन्द्रीय सदस्य दिवाकर देवकोटा, सरिता गिरि, जिल्ला अध्यक्ष ताराकान्त चौधरी,उपाध्यक्ष अब्दुल मजिद साकिर, उपसचिव अखिलेश झा, प्रदेश सदस्य हिरणय गुप्ता,अशोक यादव लगायतका नेताकार्यकर्ताहरुको उपस्थिति रहेको थियो।भूमिगत सिँचाइको अभाव हुँदा यस प्रदेशका किसानहरुले लगाएको मुख्य बाली धान सुख्खा हुने गरेकाले तत्काल क्षतिपूर्ति दिन उनीहरुको माग छ।

यस्तै ज्ञापनपत्र सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, बारा र पर्साका एमालेका नेता कार्यकर्ताहरुले प्रमुख जिल्ला अधिकारीमार्फत प्रधानमन्त्रीलाई पठाएका छन्।

त्यस्तै सो पार्टीले प्रदेशका जिल्लाहरुलाई सुख्खा क्षेत्र घोषणा गर्नुपर्ने, किसानहरुको खेतमा भूमिगत सिँचाइको व्यवस्था गर्नुपर्ने, मलखादको व्यवस्था गर्नुपर्ने, लम्पीस्किन रोगबाट किसानहरुको मरेको पशुको क्षतिपूर्ती दिनुपर्ने र लम्पीस्किन रोगको महामारी नियन्त्रण र उपचारको व्यवस्था मिलाउनुपर्ने माग राखेको छ। मधेश प्रदेशका किसानहरुको यस्तो विषम परिस्थितिमा समेत संघीय र प्रदेश सरकारले कुनै ठोस कार्यक्रम ल्याउन नसकेकाले सरकार जिम्मेवारी बोधबाट विमुख भएको एमालेले विज्ञप्तिमार्फत गुनासो गरेको छ।

एमालेले नेपालको संविधान २०७२ को अनुसूची ६ मा प्रदेश र संघ सरकारको अधिकार र दायित्व अन्तर्गत कृषि तथा पशुपंक्षी विकासको जिम्मेवारी तोकिदिएको अवस्थामा समेत प्रदेश र संघ सरकारले किसानलाई पिडा दिएको बताएको छ।

नेपालको संविधान २०७२ जारी भइ तराईका आठ जिल्ला समेटेर गठन गरिएको मधेश प्रदेश सरकारको बितेको ६ वर्षको कामले संविधानले परिकल्पना गरेको अधिकार र जिम्मेवारी कार्यान्वयन नभएको बताइएको छ भने मधेशका जनताको समग्र विकास अगाडि बढ्न नसकेको विज्ञप्तिमा उल्लेख छ।

## जलमग्न...

काठमाडौं उपत्यकाका ढुंगेधारा क्षेत्र, गौरीघाट, गुह्येश्वरी, कपन, सामाखुसी, अनामनगर लगायतका क्षेत्र डुबानमा परे। भारी वर्षाले काठमाडौँका विभिन्न क्षेत्र डुबानमा परेपछि प्रहरी टोली बिहानैदेखि खटिएको थियो भने सचेतनाका लागि बागमती र मनोहरा खोला आसपासको क्षेत्रमा नियमित पट्रोलिङ गर्ने र माइकिङ काम भएको थियो। भारी वर्षाका कारण सडक, घर, विद्यालय क्षेत्र जलमग्न हुँदा जनजीवन प्रभावित भयो। बाढीकै कारण काठमाडौंको सामाखुसीको रेडन कलेज आसपासका बस्ती, कपनको निलो पुल र मुलपानी क्षेत्र डुबानमा परेको जिल्ला प्रहरी परिसर काठमाडौंले जनाएको छ।

जल तथा मौसम विज्ञान विभागका अनुसार काठमाडौंमा एक घन्टामा ३० मिलिमिटर वर्षा हुँदा जलमग्न हुने गर्छ। जवकि अन्य क्षेत्रमा एक घन्टामा ६० एमएम वर्षा हुँदा मात्र जलमग्न हुन्छ।

विभागका अनुसार बुढानीलकण्ठस्थित केन्द्रमा ८४.६ मिलिमिटर, सुन्दरीजलस्थित केन्द्रमा ९२.२ मिमी, कीर्तिपुरमा ४७.६, नगरकोटमा ९८.६, ललितपुरको लेलेमा ६९.८, गोदावारीमा ४७ , पनौतीमा ५८.४ , पाँचखालमा ४४.८ , धुनिबेंसीमा ४८ र नुवाकोटको ककनीमा ७१.४ मिमी वर्षा मापन गरिएको थियो।

मौसम विज्ञान विभागले वर्षाको मापनको आधारमा त्यसलाई विभिन्न प्रारुप दिएको छ। १० मिमीभन्दा कम वर्षा हुँदा हल्का वर्षा, १० देखि ५० मिमीभन्दा कम वर्षा हुँदा मध्यम वर्षा, ५० देखि सयभन्दा कम वर्षा हुँदा भारी वर्षा, सयदेखि २ सय मिमीभन्दा कम वर्षा हुँदा धेरै भारी वर्षा र २ सयन्दा बढी वर्षा हुँदा अति भारी वर्षाको रुपमा व्याख्या गरेको छ।

यस्तै, एक घन्टामा ६० एमएम, ३ घन्टामा ८० एमएम, ६ घन्टामा सय एमएम, १२ घन्टामा १२० एमएम र २४ घन्टामा १४० एमएम वर्षा हुँदा आकस्मिक बाढी एवं पहिरो जाने खतरा हुने गर्छ। ती क्षेत्रमा उक्त परिणामको वर्षा हुँदा पानीले जमिन भिजाएर पहिरो जानसक्ने सम्भावना हुने विभागले जनाएको छ।

## मकवानपुर...

उनको २२ वर्षीय छोरी शिला पहरी, २५ वर्षीय ज्वाई जीवन पहरी, ४ वर्षीय नाति मिलन पहरी र डेढ वर्षीय नातिनी दिव्या पहरी हराइरहेका छन्। उनीहरुको खोजी कार्य भइरहेको मकवानपुर प्रहरी प्रवक्ता कार्कीले जानकारी दिए। उनका अनुसार प्रहरीसहित स्थानीयको सहयोगमा बिहानैदेखि खोजी कार्य भएको थियो। एउटा घर बगाउँदा ७ जना बेपत्ता भएकोमा दुई जनाको उद्धार भएको छ। जसमध्ये एक जनाको मृत्यु भएको छ। बाँकी ५ जनाको खोजी कार्य भइरहेको छ।

## संसदमा...

छानबिन समितिको माग यथावत रहेको छ' सचेतक बर्तौला भन्छन्, 'यसकारले हाम्रो मागका विषयमा प्रतिवद्धता जाहेर गरेन। त्यसकारण हाम्रो संसदमा विरोध जारी छ।'एमालेले त्रिभुवन विमानस्थल भन्सार कार्यालयबाट बाहिरिएको झण्डै एक सय किलो सुनका विषयमा अनुसन्धान गर्न उच्चस्तरीय छानबिन समिति गठनको माग गर्दै आएको छ। यही माग राखेर एमालेले साउन १० गते संघीय संसदको दुवै सदन राष्ट्रिय सभा र प्रतिनिधि सभाको बैठकलाई कार्यसूचीमा प्रवेश गर्न दिएको छैन।

एमालेको अवरोधप्रति अन्य विपक्षी दलहरु नै असन्तुष्ट छन्। 'सुन प्रकरणमा उच्चस्तरीय छानबिन समिति आवश्यकता छ कि छैन ? यो थाहा पाउन पनि सदन चल्नुपर्छ' मंगलबार प्रतिनिधि सभाको बैठकमा आकस्मिक समय लिएर राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) संसदीय दलका नेता रवि लामिछानेले भनेका छन्।

## ३५ दिन...

श्रेष्ठका अनुसार संगठित अपराधमा अनुसन्धानका लागि जम्मा ६० दिन समय हुन्छ। त्यसमध्ये २० दिन राजश्व अनुसन्धान विभागले लिएको छ। बाँकी ४० दिनमध्ये ५ दिन सरकारी वकिललाई चाहिने उल्लेख गर्दै गृहमन्त्री श्रेष्ठले सीआईबीले अनुसन्धान गर्ने ३५ दिन समय पाउने सदनलाई जानकारी गराएका हुन्। 'सीआईबीले ३५ दिन काम गर्न पाउँछ। यो समयमा उसले नेक्सस पत्ता लगाउँछ र दोषीहरुलाई कारबाहीको दायरामा ल्याउन सक्छ भन्ने हामीलाई विश्वास छ' उपप्रधान तथा गृहमन्त्री श्रेष्ठले भनेका छन्।

उच्च स्तरीय छानबिन समिति गठन गर्नुपर्ने एमालेको मागका सम्बन्धमा उनले ठोस जवाफ दिएनन्। बरु सीआईबीको अनुसन्धान सकिएपछि अपराधी लुकाउने गलत नियम देखा पर्‍यो भने नयाँ शिराबाट बहस गर्न सकिने उनको राय छ।

पछिल्लो झण्डै एक सय किलो सुनका अलावा अन्य सुन प्रकरणका सम्बन्धमा समेत सरकार चनाखो भएर अनुसन्धानमा रहेको गृहमन्त्री श्रेष्ठले बताए। भ्रष्टाचार विरोधी अभियानमा सरकार रहेको भन्दै उनले आफ्नै पार्टीका व्यक्तिहरु परे पनि अगाडि बढिने बताए। 'माओवादी वा कुनै पार्टी होस् अनुसन्धानले तथ्य प्रमाणले दोषी देखाउँछ भने कोही छुट्नेवाला छैनन्। अनुसन्धानका तथ्य प्रमाणले दोषी देखाए भने कोही छुट्दैन, कोही उम्कन पाउँदैन' गृहमन्त्री श्रेष्ठले भनेका छन्।

आकस्मिक समयमा बोल्दै एमालेका सचिव तथा सांसद योगेश भट्टराईले भेपमा लुकाएर ९ किलो सुन ल्याएको विषयमा माओवादी केन्द्रका नेता शंकाको घेरामा परेको र त्यसको छानबिनको फाइल गृहमन्त्रीको टेबुलमा भएको बताएका थिए। जवाफमा गृहमन्त्री श्रेष्ठले प्रतिप्रश्न गरे, ' होइन, पहिला सरकार चलाउँदा त्यसो गर्ने गरिएको थियो र ? सीआईबीले गरेको अनुसन्धान पहिले मेरो टेबलमा ल्याऊ, अनि मैले जे भन्छु, त्यो गर भन्ने चलन थियो र ?' सीआईबीलाई अनुसन्धानबाट जे देखिन्छ त्यो गर्नुस् भनेर निर्देशन दिएको उल्लेख गर्दै उनले भनेका छन्, 'कसलाई छोड्ने र कसलाई तान्ने भन्ने हामी होइनौं।'

## रोल्पा...

वर्षीय हिमानी घतीमगर र उनको छोरा ११ महिनाको ओल्सन घर्तीमगर छन्।

यसैगरी रोल्पा माडी-४ का २२ वर्षीय कबिता खड्का र उनका छोरा ५ वर्षीय युस खड्का, माडी-४ की २६ वर्षीय मीना डाँगी, रोल्पाको माडी-२ घर्तीगाउँकी २८ वर्षीय तिरपना बाठा, रोल्पाको परिवर्तन-३ की २४ वर्षीय खुम्बु बुढा, रोल्पापको त्रिबेणी-२ नुवागाउँकी १७ वर्षीय पूर्णिमा बुढा, रोल्पा त्रिवेणी-२ कै १३ वर्षीय सुस्मिता बुढा, रोल्पाको माडी-२ की ४० वर्षीय बिर्जना घतीमगर, रोल्पाको माडी-२ घर्तीगाउँका २४ वर्षीय कमल खड्का, रोल्पा नगरपालिका-६ दारबोटका २४ इन्द्रकुमार घर्तीमगर र दाङस्थित घोराही उपमहानगर-१२ हापुरका बसका चालक २४ वर्षीय हुमराज बस्नेत घाइते भएका छन्।

प्रहरी नायब उपरीक्षक श्याम सारु मगरले दुर्घटनास्थलबाट मृतकको शव फेला पारिएको र घाइतेहरुलाई उद्धार गरेर अस्पतालमा पठाइएको बताए। प्रहरीका अनुसार तीव्र गतिमा गुडिरहेको बस चालकको नियन्त्रण बाहिर जाँदा दुर्घटनामा परेको थियो।

## घरेलु...

अझै जोखिमपूर्ण, तनावपूर्ण तथा अनावश्यक अतिरिक्त शुल्क तिर्नुपर्ने बाध्यात्मक अवस्थामा आर्थिक शोषणलगायतका विविध हिंसाको शिकार भइरहेको र राज्यका सुविधाबाट बञ्चित हुने खेदजनक अवस्था सिर्जना भएको पनि संस्थाले बताएको छ।

नेपालले घरेलु कामदारमाथि प्रतिबन्ध लगाएपछि विशेषगरी खाडी मुलुक कुवेत, ओमान, यूएई, कतार, बहराइनलगायतका देशमा कामका लागि नेपाली महिलाहरु त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट सेटिङ र भारत, श्रीलंका, म्यानमारको अवैध बाटो हुँदै दैनिक सरदर न्यूनतम २ सय, मासिक ४२ सय र वार्षिक ५० हजार बढी गैरकानूनीरुपमा गइरहेको बताइएको छ।

महिला आयोग, गैर सरकारी संस्था तथा महिला अधिकारवादी संस्थाहरुको पहलमा भारतीय प्रहरीले नेपाली महिलाहरुलाई विदेशी भूमिबाट जोखिमपूर्ण गैरकानूनी विदेश यात्राको क्रममा उद्धार गरी फर्काएको विगतको घटनालाई नेपाल सरकारले सामान्य रुपमा लिइ बेवास्ता गरेको छ। यस्तै त्यस्ता घटनाहरुलाई विगतका वर्षहरुदेखि नै अन्तर्राष्ट्रिय सञ्चारमाध्यमहरुले प्राथमिकताका साथ घरेलु कामको लागि नेपाली महिलाहरुलाई विदेश जान रोक लगाएकाले नेपाली महिलाहरुको तस्करी भएको समाचार सम्प्रेषण गरिरहँदा पनि जानेलाई रोक्न पनि नसक्ने, वैधानिक बाटो पनि खुला नगर्ने सरकारको नीतिप्रति सबै सरोकारवालाहरुको विरोध रहेको पनि महिला अधिकारवादी संस्थाहरुको भनाइ छ।


# UAE मा वैदेशिक रोजगारको अवसर

**कम्पनी : ADNEC SERVICES LLC** City : UAE
पूर्व स्वीकृत मिति: २०७९/०६/२६ चलानी नं.: ६०१८९०५४ LT. No.: 273540

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Assistant | 4 | 3 | सम्बन्धित काममा दक्ष | 1500 | ५३,९५५ | कम्पनीको नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनीको नियम अनुसार | छ | | २ वर्ष |
| 2. | Assistant Catering Camp Boss | 5 | 2 | | 1500 | ५३,९५५ | | | | | | | |
| 3. | Assistant Cook | 40 | 2 | | 1100 | ३९,५६७ | | | | | | | |
| 4. | Asst. Chef Steward | 5 | 0 | | 1500 | ५३,९५५ | | | | | | | |
| 5. | Asst. Storekeeper | 5 | 0 | | 1500 | ५३,९५५ | | | | | | | |
| 6. | Baker | 5 | 0 | | 1800 | ६४,७४६ | | | | | | | |
| 7. | Butcher | 5 | 0 | | 2000 | ७१,९४० | | | | | | | |
| 8. | Cashier | 10 | 5 | | 1500 | ५३,९५५ | | | | | | | |
| 9. | Catering Supervisor | 5 | 3 | | 2500 | ८९,९२५ | | | | | | | |
| 10. | Chief Steward | 5 | 0 | | 2500 | ८९,९२५ | | | | | | | |
| 11. | Cleaning Supervisor | 5 | 0 | | 2500 | ८९,९२५ | | | | | | | |
| 12. | Cleaning Worker | 2 | 13 | | 900 | ३२,३७३ | | | | | | | |
| 13. | Cook | 47 | 0 | | 2200 | ७९,१३४ | | | | | | | |
| 14. | Kitchen Cleaner | 73 | 10 | | 900 | ३२,३७३ | | | | | | | |
| 15. | Kitchen Technician | 5 | 0 | | 2500 | ८९,९२५ | | | | | | | |
| 16. | Laundry Labour | 5 | 0 | | 1000 | ३५,९७० | | | | | | | |
| 17. | Logistic Assistant | 10 | 0 | | 1092 | ३९,२७९ | | | | | | | |
| 18. | Office Boy | 5 | 0 | | 1100 | ३९,५६७ | | | | | | | |
| 19. | Office Girl | 0 | 5 | | 1100 | ३९,५६७ | | | | | | | |
| 20. | Pastry Cook | 5 | 0 | | 2000 | ७१,९४० | | | | | | | |
| 21. | Receptionist | 0 | 5 | | 1800 | ६४,७४६ | | | | | | | |
| 22. | Salad Maker | 5 | 0 | | 1800 | ६४,७४६ | | | | | | | |
| 23. | Sandwich Maker | 5 | 0 | | 1800 | ६४,७४६ | | | | | | | |
| 24. | Store Assistant | 15 | 0 | | 1092 | ३९,२७९ | | | | | | | |
| 25. | Storekeeper | 10 | 0 | | 2000 | ७१,९४० | | | | | | | |
| 26. | Waiter | 78 | 0 | | 1200 | ४३,१६४ | | | | | | | |
| 27. | Waitress | 0 | 28 | | 1200 | ४३,१६४ | | | | | | | |

२. कम्पनी : **ALIGN ON DEMAND LABORS SUPPLY SERVICES L.L.C** शहर: DUBAI
पूर्व स्वीकृत मिति: २०८०/०१/२६ चलानी नं.: ६०२०१३३० L.T. No.: 285751 पुन: विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Packer | 64 | 100 | सम्बन्धित काममा दक्ष | 1000 | ३५,९७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Factory Worker | 100 | 0 | | 900 | ३२,३७३ | | | | | | | |
| 3. | Ticket Collector | 95 | 100 | | 1500 | ५३,९५५ | | | | | | | |

३. कम्पनी : **H P FACILITIES MANAGEMENT** शहर: DUBAI
पूर्व स्वीकृत मिति: २०७८/०७/२५ चलानी नं.: ६०१६७१६० L.T. No.: 250209 पुन: विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner Female | 0 | 19 | सम्बन्धित काममा दक्ष | 900 | ३२,३७३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | cleaner Male | 82 | 0 | | 800 | २८,७७६ | | | | | | | |

४. कम्पनी : **ORION SECURITY SERVICES LLC.** शहर: DUBAI
पूर्व स्वीकृत मिति: २०७९/०२/१८ चलानी नं.: ६०१८०३०६ L.T. No.: 264063 पुन: विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard (PSBD) | 250 | 25 | स. काममा दक्ष | 2000 | ७१,९४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**प्रि-अन्तर्वार्ता धमाधम भइरहेको छ।**
**अन्तर्वार्ता मेनपावर कार्यालय कुपन्डोल, ललितपुरमा २०८० साउन ३१ गते (16 August 2023) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

AKP Gov. Lic. No. 712/064/065
**AIR KINGS PLACEMENT PVT. LTD.**
साविक (VRINDIT SERVICES PVT. LTD.)
Kupandole, Lalitpur, Nepal, Tel: 01-5524006, 5427196


# सुन्दरहरैंचा नगरपालिका
## नगर कार्यपालिको कार्यालय
**विराटचौक, मोरङ**
**कोशी, प्रदेश नेपाल**

## सुन्दरहरैंचा नगरपालिकाको आन्तरीक आय संकलन पूर्वाधार / सडक उपयोग शुल्क विद्युतिय माध्यमबाट ठेक्का बन्दोवस्त गर्ने सम्बन्धी सूचना

**तेस्रो पटक प्रकाशित मिति : २०८०।०४।२४**

यस नगरपालिकाको आ.व. २०६०/०८१ का लागि आन्तरीक आय ठेक्का मार्फत बन्दोबस्त गर्नु पर्ने भएकोले नगर क्षेत्र भित्र नगरपालिकाले निर्माण गरेका सम्पूर्ण सडकहरुमा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६२ को उपदफा २ (घ) बमोजिम सडक उपयोग शुल्क लगाई ठेक्का बन्दोबस्त गर्नु पर्ने भएकोले ईच्छुक फर्म, कम्पनीले यो सूचना प्रकाशन भएको मितिले ७ दिन भित्र यस नगरपालिकाको खाता नम्बर ०६०१५०११४७६३०१४६ मा रु ३,०००।०० को भौचर भरी तपसिल बमोजिमका शर्तहरुको अधिनमा रही विद्युतिय माध्यमबाट बोलपत्र पेश गर्न हुन यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

| सि.नं. | ठेक्का नम्बर | ठेक्काको नाम | क्षेत्र | ठेक्का रकम भ्याट समेत |
|---|---|---|---|---|
| १ | राजश्व १/१०५ | सडक उपयोग शुल्क | सुन्दरहरैंचा नगरपालिकाले निर्माण गरेका नगरपालिका क्षेत्र भित्रका सम्पूर्ण सडकहरु | ७६,००,०००।०० |

**शर्तहरु**

१. माथि उल्लेखित ठेक्कामा शुल्क असुल गर्दा यस नगरपालिकाले तोकेको भन्दा बढी दरमा असुल गर्न पाईने छैन।
२. शुल्क असुलिको दर कार्यालयबाट बोलपत्र फारम साथ उपलब्ध गराईनेछ।
३. ठेक्का अबधि सम्झौता भएको मिति देखी २०८१ आषाढ मसान्त सम्म हुनेछ भने आर्थिक बर्षमा घटेको महिना र दिनको आधारबाट तोकिएको ठेक रकममा कुनै असर पर्ने तथा छुट हुने व्यवस्था छैन। तर कबोल अंकमा एकमुष्ठ रकम जम्मा गरेमा भ्याट बाहेकको रकमको १० प्रतिशत छुट दिईने छ।
४. विद्युतिय फारम पेश गर्ने फर्म वा कम्पनीले आन्तरीक राजश्व कार्यालयबाट प्राप्त भ्याट वा पान नम्बरको प्रतिलीपी करचुक्ता प्रमाणपत्रको प्रतिलीपी स्थानीय तहमा दर्ता भएको प्रमाणपत्रको प्रतिलीपी नेपाली नागरीक भए कबोल अंकको ५ प्रतिशत धरौटी रकम यस नगरपालिकाका कार्यालयको कृषि विकास बैक शाखा कार्यालय विराटचौकमा रहेको धरौटी खाता नम्बर ०६०१५०११४७६३००३० मा जम्मा गरी सोको सक्कलै भौचर https://bolpatra.gov.np/egp मा अपलोड गर्नु पर्नेछ।
५. ठेक्का रकम अग्रिम रुपमा नबुझाएमा ६० प्रतिशत रकम सम्झौताको समयमा र ४० प्रतिशत बैक ग्यारेन्टी अनिवार्य हुनुपर्नेछ। बैक ग्यारेन्टीको अबधि २०८१ असोज मसान्त सम्मको हुनुपर्नेछ। बैक ग्यारेन्टी राखीएको रकम २०८० पौष मसान्तसम्म बुझाउनु पर्ने छ। पौष मसान्तसम्म नबुझाएमा माघ १ देखी आषाढ मसान्त भित्र विना सूचना जुनसुकै बखत नगरपालिकाले बैक ग्यारेन्टी जफत गर्न सक्नेछ।
६. ठेक्का सम्झौता गर्ने फर्म वा कम्पनीको धरौटी रकम ठेक्का रकममा मिलान गरीने छैन। दररेट १२ औ नगरसभाले तोके बमोजिम हुनेछ।
७. ठेक्कासँग सम्बन्धित रसिद ठेकेदार स्वयंले छपाई कार्यालयबाट प्रमाणीत गरी कर संलन गर्नु पर्नेछ। कार्यालयले उपलब्ध गराएको दररेट भन्दा फरक हुने गरी शुल्क असुलि गरेको प्रमाणीत भएमा धरौटी रकम कट्टा गरी सम्बन्धितलाई उपलब्ध गराईनेछ भने पटक पटक सोही प्रक्रिया दोहोर्‍याएमा कानून बमोजिम कारबाही गरी निज व्यक्ति, फर्म वा कम्पनीलाई कालोसूचीमा राखिनेछ।
८. बन्द हड्ताल, भुकम्प, बाढी पहिरो जस्ता प्रकृतिक र मानवीय विपद सिर्जना भई सृजित समस्याका कारण देखाई ठेकेदार व्यक्ति, कम्पनी र फर्मले छुट मागेमा कुनै प्रकारका छुट लगायतका अन्य सुविधा दिईने छैन।
९. एउटा व्यक्ति, कम्पनी वा फर्मले खरीद गरेको बोलपत्र अर्को व्यक्तिले खरीद गर्न पाउने छैन।
१०. नगरपालिका क्षेत्र भित्र एक स्थानबाट शुल्क काटे पछि सोही दिन सोही सामाग्रि र यात्रुलाई आधार मानी पुन सोही सवारी साधनलाई अर्को स्थानबाट शुल्क काट्न पाईने छैन। यो शर्तले नयाँ यात्रु र नयाँ सामाग्रिमा पुन शुल्क लिन बाधा हुने छैन। संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकार एवम् नेपाल सरकारका व्यापारीक नियोग, कुटनैतिक निकाय लगायतका सार्वजनिक सवारी साधान, तथा विद्यालयका गाडीहरु, दुध तथा पानी बोकेका सवारी साधन एवम अत्याबश्यक सेवाका सवारी साधनहरु (एम्बुलेन्स, सब बहान, दमकल लगायत) लाई शुल्क लिन पाईने छैन। मार्केटिङ्गमा प्रयोग भएका सवारी साधनहरुलाई प्ररमाणको आधारमा दिनमा एकपटक मात्र कर लिनु पर्नेछ। यस नगरपालिकाको वार्षिक सवारी कर तिरी दर्ता भएका अटो र ई रिक्साहरुको हकमा शुल्क लिन पाईने छैन। बार्षिक सवारी कर नतिरी संचालन भएका अटो र ई रिक्साको हकमा तोकिए बमोजिमको शुल्क लिन बाधा पर्ने छैन।
११. भाडामा सवारी साधन खाली गुडेको अवस्थामा शुल्क लिन पाईने छैन।
१२. यो सूचननामा उल्लेखित विषयहरुको हकमा यसै सूचना बमोजिम र बाकी अन्य कुराहरुको हकमा प्रचलित ऐन, कानून र सुन्दरहरैंचा नगरपालिकाले गरेको निर्णय तथा सम्झौतामा भएका शर्त बमोजिम हुनेछ।

**प्रमुख प्रशासकीय अधिकृत**

# देशैभर फैलियो आँखा पाक्ने रोग

**रामबहादुर सुवेदी(आर.के)/मध्यान्ह**
काठमाडौं, २३ साउन



नेपालमा पछिल्लो केही दिनयता आँखा पाक्ने रोग (कन्जंग्टिवाइटिस) देशैभर फैलिएको छ ।

काठमाडौं उपत्यकासहित देशैभरका अधिकांश आँखा अस्पतालहरुमा आँखा पाक्ने रोगका बिरामीहरुले भरिएका छन् । आँखा पाक्ने रोग बढ्न थालेपछि केहि जिल्लाहरुमा विद्यालय समेत बन्द गर्न थालिएको छ ।

अहिले आँखा अस्पतालमा आँखा जाँच गराउन आउने बिरामीमध्ये सरदर ५० प्रतिशत बिरामीमा आँखा पाक्ने समस्या देखिएको नेपाल नेत्रज्योति संघले जनाएको छ।

नेपाल नेत्रज्योति संघअन्तर्गतका आँखा अस्पतालहरुमा आँखा जाँच गराउन आउने बिरामीमध्ये सरदर ५० प्रतिशत बिरामी कन्जंग्टिवाइटिसको उपचारका लागि आइरहेको संघका कार्यकारी निर्देशक डा.शैलेशकुमार मिश्रले बताए ।

'शुरुवातमा भारतको सिमावर्ती क्षेत्रहरुमा मात्र कन्जंग्टिवाइटिसको समस्या देखिएको थियो तर अहिले देशैभर यो समस्या फैलिरहेको छ, हाम्रो नेटवर्कका सबै अस्तालहरुको सोमबारसम्मको डाटा हेर्ने हो भने करिब दैनिक आँखा जाँच गराउने बिरामीमध्ये ५० प्रतिशत बिरामीमा कन्जंग्टिवाइटिसको समस्या देखिएको छ, अहिलेको संक्रमण दर हेर्दा यो अझै बढ्ने जस्तो देखिन्छ' डा. मिश्रले भने ।

देशैभर अहिले कन्जंग्टिवाइटिसको प्रकोप बढिरहेकाले यसमा केन्द्रित भएर सेवा प्रवाह गर्न संघ अन्तर्गतका अस्पताल तथा उपचार केन्द्रहरुलाई निर्देशन जारी गरिसकिएको नेपाल नेत्रज्योति संघका महासचिव भरतबहादुर चन्दले बताए ।

नेपाल नेत्रज्योति संघको तथ्यांकअनुसार अहिले दैनिक आँखा जाँच गराउन आउने बिरामीमध्ये दाङको राप्ती आँखा अस्पताल र लमही आँखा अस्पतालमा करिब ८० प्रतिशत, गेटा आँखा अस्पताल धनगढीमा ७० प्रतिशत, गौर आँखा अस्पताल गौरमा २५ प्रतिशत, लुम्बिनी नेत्र विज्ञान अध्ययन संस्थान, भैरहवामा ३० प्रतिशत, कीर्तिपुर आँखा अस्पतालमा ४५ प्रतिशत, हिमालय आँखा अस्पताल, पोखरामा ६० प्रतिशत, फत्तेवाल आँखा अस्पताल, नेपालगञ्जमा २० प्रतिशत, विनोद निता कण्डेल आँखा अस्पताल, नवलपरासीमा ६० प्रतिशत, विराटनगर आँखा अस्पताल, विराटनगरमा २२ प्रतिशत, पाल्पा लायन्स लाकौल आँखा अस्पताल, पाल्पामा ५० प्रतिशत र सगरमाथा चौधरी आँखा अस्पताल, लहानमा २० प्रतिशत बिरामीहरुमा कन्जंग्टिवाइटिसको समस्या देखिएको छ ।

आँखा पाक्ने समस्या भएका बिरामीहरुमा अकस्मात आँखा रातो हुने, आँखाको डिल सुनिएर हेर्न समस्या हुने, आँखाबाट पानी बगिरहने, आँखा चिलाउने, पोल्ने र बिझाउने, आँखामा पहेंलो चिप्रा आउने, बिहान उठ्दा ढकनी एकआपसमा टाँसिएर आँखा खोल्न गाह्रो हुनेलगायतका लक्षणहरु देखिन्छन् । हरेक वर्ष बर्खाको समयमा आँखा पाक्ने समस्या देखिने गरेको भएता पनि यो पटक भने यो समस्या प्रकोपकै रुपमा फैलिरहेको चिकित्सकहरु बताउँछन् ।

नेपाल नेत्रज्योति संघ, लुम्बिनी नेत्र विज्ञान अध्ययन संस्थानका मेडिकल डाइरेक्टर प्रा.डा ज्ञानेन्द्र लामिछानेका अनुसार आँखा पाकेको समयमा जथाभावी औषधिको प्रयोग गर्दा थप जटिलतासमेत आउन सक्छ। 'यो एडिनो भाइरसका कारण लाग्ने रोग हो, यस्ता समस्या देखिएका बिरामीहरुले नआत्तिइ सावधानी अपनाउनुपर्छ, चिकित्सकको सुझावबिना जथाभावी आषधिको प्रयोग गर्नु हुँदैन यसले थप जटिलता निम्त्याउन पनि सक्छ,' प्रा.डा लामिछानेले भने ।

समाजमा कन्जंग्टिवाइटिसको समस्या भएका बिरामीहरुको आँखामा हेर्दैमा सर्छ भन्ने गलत मान्यता रहेको डा.लामिछाने बताउँछन् । यस्तो समस्या देखिएका बिरामीहरुको आँखाबाट आएको आँसु मिसिएको वस्तु तथा सामानहरुको प्रयोगबाट मात्र यो रोग सर्ने उनले जानकारी दिए । यस्तो समस्या देखिएका बिरामीहरुले आँखा चिसोले तथा बरफले सेक्ने, सफा पानीले आँखा सफा गर्ने, घर बाहिर जाँदा कालो चस्मा प्रयोग गर्ने, संक्रमित आँखालाई छोएपछि राम्रोसँग हात धुने र बढी समस्या देखिए नजिकैको आँखा अस्पताल वा उपचार केन्द्रमा आँखा परिक्षण गर्न उनको सुझाव छ ।

## बाढीले बगाउँदा एक जनाको मृत्यु



**प्रेमचन्द्र झा/मध्यान्ह**
रौतहट, २३ साउन

रौतहटको गढीमाई नगरपालिका-२ समनपुरमा बाढीले बगाउँदा एक जनाको मृत्यु भएको छ । ६५ वर्षीय सहिद भाटको खेतबाट घर फर्किने क्रममा खोलामा आएको बाढीले बगाउँदा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ ।

केही दिनयताको अविरल वर्षाका कारण रौतहटको जनजीवन प्रभावित भएको छ । जिल्लामा बागमती, लालबकैया, चाँदी, झाझ, अडुवा, भकुवा र कामदही नदीको पानीको तह बढेका छन् । जसले गर्दा गाउँहरु डुबानमा परेका छन्।

जिल्लास्थित सुरक्षा टोली उद्धारमा खटिँदै आएको छ । देवाहिगोनाही नगरपालिका वडा नम्बर ५ का १५ वर्षीय करण यादवलाई सकुशल उद्धार गरिएको छ । नेपाली सेना वीर दल गणका गणपति गंगा बहादुर विष्टका अनुसार मौलापुर नं.पा ०१ मर्यादपुरस्थित लालबकैया नदी छेउको खेतमा काम गर्ने क्रममा लालवकैया नदीमा अचानक बाढी आउँदा बीचमा फसेको भन्ने खबर पाएसँगै सह-सेनानी प्रकाश कुमार रावलको कमाण्डमा टोली खटिएको थियो ।

टोलीले यादवको सकुसल उद्धार गरी आफन्तको जिम्मा लगाइएको छ ।

त्यसैगरी नेपाल प्रहरीले फतुवाविजयपुर नगरपालिका ८ बस्ने ६५ वर्षीय लालबहादुर चौधरी पानीमा डुब्दै गरेको अवस्थामा स्थानीयको सहयोगमा उद्धार गरेको छ । फतुवाविजयपुर नगरपालिका ८ बुनियादमा अविरल वर्षाको कारण ५०/५५ घर धुरीमा पानी पसेको इलाका प्रहरी कार्यालय लक्ष्मीनियाका प्रहरी निरीक्षक अरविन्द कुमार साहले बताए ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको हकदावी सम्बन्धी सूचना**

यस कार्यालयमा मिति २०७५/०४/१३ मा दर्ता भएको **प्रा.लि. नं. १९४२९४** को **वाइल्डलाइफ रिसर्च सेन्टर नेपाल प्रा.लि.** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको हकदावी सम्बन्धी सूचना**

यस कार्यालयमा मिति २०७९/०४/१६ मा दर्ता भएको **प्रा.लि. नं. २९५१०३** को **सराङ्गकोट सेक्युरिटी सर्भिस एण्ड ट्रेनिङ्ग सेन्टर प्रा.लि.** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

## (PASSPORT) राहदानी बुझी लैजानु हुने बारे सार्वजनिक सूचना

नेपाल सरकारबाट वैदशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त यस Om International Human Resources Pvt. Ltd. (Lic No.: 1437/074/075) मा विभिन्न मितिमा वैदेशिक रोजगार प्रयोजनका लागि आफ्नो राहदानी यस प्रा.लि.मा बुझाउनु भएका निम्न लिखित राहदानी वाहकहरु लामो समयसम्म सम्पर्कमा नआउनु भएको ले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिनभित्र प्रमाणसहित आ-आफनो राहदानी लिन आउनु हुन यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यदि उल्लेखित म्यादभित्र राहदानी लिन नआउनु भएमा कानुन बमोजिम नै जाने व्यहोरा पनि अवगत गराईन्छ ।

| S.N | NAME | PP NO | S.N | NAME | PP NO |
|---|---|---|---|---|---|
| 1 | DIPAK BAHAUR SAUD | 07615426 | 41 | MAHESH KUMAR YADAV | 09878589 |
| 2 | TILBHAN RANA | 08136363 | 42 | GANESH BAHADUR SHAHI | 10533836 |
| 3 | TULAI KURMI | 09361882 | 43 | MAN BAHADUR BATALA | 05694558 |
| 4 | RUP SINGH KUNWAR | 10543017 | 44 | JHAMAN SINGH BUDHA MAGAR | 06888008 |
| 5 | BIR BAHADUR MUKTAN | 06979221 | 45 | DEB KUMAR RAI | 07832042 |
| 6 | INDRA BAHADUR BK | 09821109 | 46 | RANA BAHADUR BUDHA | 09482730 |
| 7 | SANTOSH CHAUDHARY | 08902603 | 47 | RAM MAHESH KURMI | 09573274 |
| 8 | SUMAN GOLE | 09788274 | 48 | PRABIN ROKA | 07658517 |
| 9 | ANIL SAWAD | 06968892 | 49 | BALA BAHADUR SARKI | 05987380 |
| 10 | GOVINDA PRASAD SHARMA | 06618259 | 50 | MAN BAHADUR GIRI | 09507710 |
| 11 | SANAM RAJBANSHI | 07763974 | 51 | TARA PRASAD SHARMA | 09533248 |
| 12 | KRISHNA RAJ BHATT | 10542956 | 52 | RAM CHANDRA SUNAR | 10114591 |
| 13 | CHHABILAL DAMAI | 08453876 | 53 | KAMBE KAMI | 09550763 |
| 14 | JIT CHAUDHARI | 09912915 | 54 | KESHAR BUDHA | 09885887 |
| 15 | MAN BAHADUR SAWAD | 10661218 | 55 | KAR SINGH KHARLUK | 06477675 |
| 16 | RAMESH KUMAR CHAUDHARY | 09488501 | 56 | SUNIL RAJBANSHI | 09487246 |
| 17 | BHAGIRAM THARU | 06345531 | 57 | EAKENDRA KHADKA | 06713902 |
| 18 | MOHAN BAHADUR CHAND | 0739911 | 58 | NARESH BAHADUR BUDHA | 07563630 |
| 19 | BABLU KURMI | 09709691 | 59 | KESHAB MOHARA | 09222606 |
| 20 | SALIKRAM BATALA | 06892218 | 60 | RAJENDRA B K | 07286767 |
| 21 | BABURAM DARLAMI MAGAR | 09343593 | 61 | GYAN BAHADUR GHARTI MAGAR | 08598606 |
| 22 | ARJUN SAPKOTA | 11417263 | 62 | MANOJ KUMAR KAHAR | 09531033 |
| 23 | YADAV BAHADUR JORA | 06954663 | 63 | KRISHNA BAHADUR GHARTI | 08337174 |
| 24 | DIRGH RAJ ROSHYARA | 08181446 | 64 | DAWA SHERPA | 05961096 |
| 25 | ASHOK PUN MAGAR | 09710372 | 65 | KISAN KUMAR LOHAR | 09994440 |
| 26 | RAM KRISHNA BK | 07444085 | 66 | RAJARAM KAMAIT | 07977196 |
| 27 | PATTHAR SINGH RAI | 4592296 | 67 | RAJIB RAJBANSHI | 09487306 |
| 28 | TOPLAL OLI | 09452669 | 68 | GIRI BAHADUR KARKI | 06568167 |
| 29 | LIL BAHADUR GAUTAM | 07427287 | 69 | SHANKAR NEPALI | 07037047 |
| 30 | GAGANDEV CHAUDHARY | 08112054 | 70 | KUL BAHADUR BISHWAKARMA | 09411887 |
| 31 | SANJIB BK | 09427499 | 71 | DAMBAR BAHADUR RAI | 08587453 |
| 32 | BIR BAHADUR CHAUDHARY | 09813952 | 72 | SHREE BAHADUR SARU | 10452830 |
| 33 | NABARAJ PUN | 10108498 | 73 | ARJUN NEPALI | 07212352 |
| 34 | SIKANDAR DAS | 09475660 | 74 | INDRA BAHADUR PUN | 09359626 |
| 35 | MANGAL SUNAR | 06219735 | 75 | MANGAL BAHADUR TAMANG | 06034108 |
| 36 | SAJAN LAL SARDAR | 09377409 | 76 | KESHAB RAJ KHANAL | 09680961 |
| 37 | KRISHNA MURARI YADAV | 06017918 | 77 | BINAY KUMAR DANGAURA THARU | 06987338 |
| 38 | SARFODIN ANSARI | 08039708 | 78 | DAL BAHADUR B K | 09453594 |
| 39 | RAM KUMAR BISHWAKAMA | 08672407 | 79 | YAMRAJ KAMI | 10569028 |
| 40 | PUSKAR B K | 06919264 | | | |

Om International Human Resources Pvt. Ltd.
Lic No.: 1437/074/075, Basundhara, Kathmandu, Nepal
Tel : 1-4963646, 4980145

## लम्पी स्किन सम्बन्धी जनहितमा जारी सन्देश

★ यो एक प्रकारको भाइरस (पक्स समूहको काप्रीपक्स भाइरस)बाट गाईभैंसीमा लाग्ने रोग हो । यो रोग भैंसीहरुमा भन्दा गाईहरुमा बढी देखिन्छ ।
★ पहिला अफ्रिकामा सीमित यो रोग सन् २०१२ पछि मध्य पूर्व, दक्षिण युरोप, रसिया, काजकिस्तान हुँदै बंगलादेश र भारतमा पनि केही महिना अगाडि देखा परेको थियो ।
★ अहिले नेपालको मोरङ, झापालगायतका पूर्वी क्षेत्रमा यो रोगको लक्षण देखिइ सयौं गाईहरु बिरामी परेको र केही मरेको जानकारी आइरहेको हुँदा सतर्कता अपनाऔं ।

**मुख्य लक्षणहरू:**
★ कचेरा निकाल्ने, सिंगान बग्ने तथा फिंज धेरै निकाल्ने
★ शरीरका विभिन्न भागहरुमा विशेष गरी घाँटी, पछाडिको खुट्टाहरुमा, पेट र थुन वरिपरि सानादेखि ठूला गिर्खाहरु देखिने
★ उच्च (१०४ फरेनहाइट वा माथि) ज्वरो आउने
★ दुध उत्पादन २५-८०% सम्म घट्न सक्ने गर्भ तुहिने तथा बाँझोपना देखिन सक्ने
★ मृत्युदर कम भए पनि धेरै पशुहरु (५-४५%) बिरामी हुन सक्न

**रोग सर्ने मुख्य कारणहरु**
★ लामखुट्टे, झिंगा, किर्ना आदिको टोकाईबाट
★ संक्रमित गाईभैंसीको ओसार पसार र लसपसबाट
★ संक्रमित गाईभैंसी र स्वस्थ गाईभैंसीलाई उपचारको क्रममा एउटै सुई प्रयोग गरेमा

**उपचार तथा रोकथाम**
★ ठोस उपचार छैन ।
★ प्राविधिकको सल्लाहमा लक्षण अनुसारको उपचार ।
★ खोप (नेपालमा हालसम्म उपलब्ध छैन ।)
★ संकमित क्षेत्रबाट गाईभैंसीको ओसारपसार नियन्त्रण ।
★ लामखुट्टे, भिंगा, किर्ना आदिको नियन्त्रण र गोठ वरिपरिको
★ वातावरण सफा राख्ने ।



**लिसंखु पाखर गाउँपालिका**
**सिन्धुपाल्चोक**

## मलेसियामा रोजगार | कम्पनी: FOCK YEN TIM SUM & SEAFOOD RESTAURANT
शहर: PULAU PINANG

पूर्व स्वीकृत मितिः २०८०/०४/२३ चलानी नं.:६०२०५७९९ L.T. No.: 290577

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Crew Restaurant | 2 | 0 | स. काममा दक्ष | 1500 | ४३,४७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० साउन ३१ गते (16 August 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Santi Overseas Pvt. Ltd.**
Gov. Lic. No.: 1495/074/075
Maharajgunj, Chakrapath-4, Chundevi, Kathmandu | Tel: 015910769, Mob. No.: 9801081597.
E-mail : overseassanti1495@gmail.com | www.SantiOverseas.com

## साउदीमा रोजगारको अवसर
कम्पनी : SAUDI EMCOR COMPANY LIMITED
शहर: Saudi Arabia, Riyadh

पूर्व स्वीकृत मितिः २०८०/०४/२३ चलानी नं.: ६०२०५८७४ LT. No.: 290554

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Office and Facility Cleaning Worker | 60 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३५,२१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी : SAUDI EMCOR COMPANY LIMITED शहर: Saudi Arabia, Riyadh
पूर्व स्वीकृत मितिः २०८०/०४/२३ चलानी नं.: ६०२०५८७३ LT. No.: 290555

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Office and Facility Cleaning Worker | 75 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३५,२१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० साउन ३१ गते (16 August 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**G.C.D. WORLDWIDE PVT. LTD.**
Govt. Lic. No.: 519/061/062
Sinamangal-09, Kathmandu, Nepal
Mobile : 9803949408 | Email: worldgcd@gmail.com

## UAE मा PSBD तथा DPS Return/Fresher Security Guard हरूलाई वैदेशिक रोजगारको अवसर

**Company : M.B.K. Security Services**

पुन विज्ञापन । पूर्व स्वीकृती मितिः २०७९/११/०१ चलानी नं. ६०१९६४५ LT No. : 280971

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | PSBD Security Guard | 132 | 50 | काममा दक्ष | 2000 | ७५,०००/- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| २. | DPS Security Guard | 155 | 0 | | 1800 | ६६,०००/- | | | | | | | |

**Basic Salary AED 2000 भएता पनि १२ घण्टा २६ दिन को AED 2770 र १२ घण्टा 30 दिन को AED 3000 हुनेछ ।**

SLC Passed, उमेरः 21 देखि 45 बर्ष, उचाईः 5.5 Inch भन्दा माथि, कामको अनुभव भएको र English राम्रो संग बोल्न, बुझ्न र पढ्न सक्ने हुनुपर्नेछ ।

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गर्ने मेडिकल खर्च कसले ब्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले ब्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने /नहुने र कसले ब्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००/- कामदार आफैले | रु. ७००/- कामदार आफैले | नि:शुल्क |

**फाइनल अन्तरवार्ता कम्पनीको प्रतिनिधिबाट निम्न मिति र स्थानमा हुनेछ**
२०८० साउन २४ गते (9 Aug., 2023) जनप्रिय होटल, पोखरामा,
२०८० साउन २५ गते (10 Aug., 2023) सिराइचुली होटल, चितवनमा,
२०८० साउन २६ गते (11 Aug., 2023) ईटहरी होटल इनटुरीस्ट, ईटहरीमा,
२०८० साउन २७ गते (12 Aug., 2023) होटल सिर्दाथ, झापामा र
२०८० साउन २८ गते (13 Aug., 2023) यस प्रा. लि. को कार्यालय सामाखुसी, काठमाडौंमा हुनेछ ।

बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्यरुपमा लिनुहोला । २) आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफुसँग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग बुद्धनगर, नयाँबानेश्वरमा सम्पर्क राख्नुहोला ।

**Euro Asia H.R. Solutions Pvt. Ltd.** Govt. Lic: 1162/073/74
Samakhushi, Kathmandu, Tel : 01-4980875, 4965521, 9851048235
9851042984, 9860111396, Chitwan Contact: 9802855069,9802855075
Pokhara Contact: 9802855195, 9802855074, 9802855194
Itahari Contact: 9804372357, Jhapa Contact: 9802028989
Email: myeuroasiahr@gmail.com | Web: www.euroasiagroups.com



मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

२४ साउन २०८०, बुधबार
9 August 2023, Wednesday

सम्पादकीय

## जलमग्न राजधानीको सन्देश

**मंगलबार विहान उज्यालो हुँदा राजधानी उपत्यका जलमग्न बनेको थियो । लगातार बर्षा भइरहेपनि मंगलबार बिहान भारी बर्षा भयो । मसिनो झरीले ठूलो असर नपरिरहेको राजधानी शहरले भारी बर्षा थेग्न सकेन । बागमती, बिष्णुमति, धोबीखोला लगायत साना खोलाहरू भरिएर बाढी बस्तीमा पस्यो । कालीमाटी तरकारी बजारमै बाढी पस्दा किनमेल गर्ने अवस्था बनेन । साना खोलाहरूले पानीको बहाब थेग्न सकेन । साँघुरिएको खोलाहरूले थेग्न नसकेको बाढी सडक र घरभित्रै पस्यो । कतिसम्म भने कीर्तिपुर-१० स्थित सुन्दरीघाटको सुकुम्बासी बस्तीबाट त उद्धार कार्यमा प्रहरी नै खटिनु परेको थियो । अरूतिर पनि बाढी पसेका ठाउँहरूको उद्धारमा स्थानीय लाग्नुपर्‍यो । राजधानी उपत्यकाको यस्तो दृष्यले मोफसलका समस्या ओझेलमा परे ।**

**हुनत राजधानी उपत्यका डुवानमा पर्ने गरेको दृष्य नयाँ होइन । बर्षेनि बाढी बस्तीमा पस्ने गरेको छ । त्यसको कारण समेत धेरै पहिले पहिचान भइसकेको हो । खोलामा बस्ती बसेपछि बाढी बस्ती पस्ने गरेको हो । बस्तीले खोला हराएको पुष्टि गर्ने कार्य काठमाडौं महानगरका मेयर बालेन्द्र शाहले गरिरहेकै छन् । सामाखुशीको खोलामाथि सडक बनेको र त्यो सडकमाथि सवारी गुडिरहेको तथ्य महानगरको डोजरले देखाइरहेको छ । मेयर बालेनको निर्देशनमा सामाखुसीमा खोला निकाल्दा शहरबीचको सडक हराइरहेको छ । टुकुचा खोला उधिन्दा मेयर बालेन विवादमै परेका थिए । टुकुचा पुरेर बसेको बस्ती र सडक भत्काउन नहुने भनेर सर्वोच्च अदालतमै मुद्दा परेको थियो । तर टुकुचा धेरै बर्ष पहिले पुरिएको तथ्य भने उजागर भएको थियो ।**

**राजधानी उपत्यकाका लगभग सबैजसो खोला बस्ती र सडकले साँघुरिएका छन् । जसको कारणले अलिक धेरै बर्षा हुनासाथ बाढी बस्ती पस्ने गरेको छ, जसले सिंगो देशमा बर्षाले हुने समस्या छायाँमा पार्ने गरेको छ । तर त्यसको उपयुक्त निदान कसैसँग छैन । मेयर बालेनले केही प्रयत्न गरेपनि बर्षौ पहिलेबाट बसिरहेको बस्ती, बनेको सडक र अरू संरचना हटाउन सजिलो देखिदैन । राजधानी उपत्यकाको यस्तो दृष्य र अवस्था अन्य शहरका निम्ति भने सिकाइ हुनसक्छ । किनकि शहर डुवानको समाधान भनेकै व्यवस्थित शहरीकरण हो । मुलुकमा जसरी शहरीकरण भइरहेको छ, त्यसकारण पनि राजधानी उपत्यकाको अव्यवस्थित बसोबासको दुरावस्था बुझ्न आवश्यक छ ।**

# विप्रेषण पठाउने नागरिकप्रति उदासिन राज्य

*सरकारले वैदेशिक रोजगारमा श्रम स्वीकृति लिएर गएका कति कामदारहरुले सामाजिक सुरक्षा कोषको खाता नवीकरण गरे भन्ने जानकारी नगराएकाले पनि सरकारको नियतिमा शंका गर्ने आधार देखिन्छ । कामदारहरुलाई गुमराहमा राखेर सामाजिक सुरक्षा कोषको नाममा व्यवसायको धन्दा चलाउने नैतिक अधिकार सरकारसँग छैन ।*

अग्रलेख



● ख्याम नारायण मानन्धर

समग्र राष्ट्रको आर्थिक सन्तुलनमा वैदेशिक रोजगार र रेमिट्यान्सको उच्च योगदान छ भन्नेमा कुनै विवाद छैन । सरकारले थप नौ महिनाका लागि आयात धान्न सक्ने विदेशी मुद्राको सञ्चिति व्यवस्थापन गर्न सक्नुमा पनि वैदेशिक रोजगारमा गएका कामदारहरुले पठाएको रेमिट्यान्स नै पहिलो स्थानमा छ । वैदेशिक रोजगारका लागि हालसम्म १७९ देशहरु खुल्ला गरेसँगै १० वटासँग श्रम सम्झौता छ । सरकारले यसरी वैदेशिक रोजगारका लागि खुल्ला गरेको देशहरुमा गत आ.ब. २०७९/८०मा मात्रै सात लाख ७१ हजार ३२७ को संख्यामा वैदेशिक रोजगारीमा गएको सार्वजनिक गरेको तथ्यांक वैदेशिक रोजगार विभागको वेवसाइटमा पाइन्छ । यसको साथै, गृहमन्त्रालयको छानबिनमा सन् २०२१मा करिब ७२ हजार नेपाली युवाहरु यु.ए.ई. भिजिट भिषामा गएको, त्यसमध्ये धेरैलाई रोजगारीको प्रलोभनमा विभिन्न समूहले पठाएको पाइएको थियो । अन्य देशहरुमा यसरी जाने संख्या उल्लेख्य हुन सक्छ । यही आ.ब.मा व्यक्तिगत भिषामा विभिन्न मुलुकहरुमा रोजगारीमा जानेहरु ६९ हजार १७१ जना रहेको छ । सरकारले गणतन्त्र कोरियाका लागि २२ हजार ३३ जना रोजगारीमा पठाउँदा व्यक्तिगतरूपमा श्रम स्वीकृति लिएर दुवई १५ हजार ४१२, जापान चार हजार ९१६, कुवेत दुई ४६८, माल्दिप्स तीन हजार ८३७, माल्टा पाँच हजार ५२७, पोल्याण्ड चार हजार ९१५, कतार छ हजार ८८८, रोमानिया पाँच हजार ४२ ९, बेलायत दूई हजार १९५ र ओमन एक हजार २०८ उच्च संख्यामा रोजगारीमा गएको देखिन्छ । आ.व.२०७९/८०मा गएको संख्या वैदेशिक रोजगारको इतिहासमै उच्च हो ।

यसरी लाखौंको संख्यामा नेपाली युवाहरु वैदेशिक रोजगारमा जाँदै गर्दा सरकारले प्रवाह गर्नुपर्ने सूचनामा भने चुकेको छ । नेपाल सरकार र वैदेशिक रोजगार व्यवसायीहरुको कानुनी व्यवस्थाले उजागर हुनुपर्ने आर्थिक पारदर्शिताका धेरै सूचकहरु अदृश्य छन् । तर मौजुदा कानुनका आधारमा पनि श्रमिकहरुले पाउनु पर्ने महत्वपुर्ण जानकारीहरु दिने भनिएको वैदेशिक रोजगार विज्ञापन नै हो । सोको आधारमा नेपाली युवाहरुले वैदेशिक रोजगार यात्रा तय गर्दछन् ।

वैदेशिक रोजगार विज्ञापनका मौजुदा प्रावधानहरुसँगै सरकारबाट थप गरिएका व्यवस्थाहरुमा सम्बन्धित पक्ष विशेषगरी वैदेशिक रोजगारमा जाने युवाहरुलाई जानकारी छैन, फगत श्रम स्वीकृतिका खाँतिर सामाजिक सुरक्षा कोष भनेर श्रम विभागले रकम बुझिलिने गर्दछ । यो सामाजिक सुरक्षा कोषको रूपमा कामदारहरुमा थपिएको आर्थिकभार र सरकारले गरेको यो व्यवस्था प्रक्रियागत ढंगले म्यानपावर कम्पनीहरुले गराउनुपर्ने विज्ञापनमा उल्लेख गरी प्रकाशन गर्न चाहेन । सामाजिक सुरक्षा कोषको उपयोगिताका बारेमा सबै म्यानपावर कम्पनी वा अभिमुखिकरण तालिम प्रदान गर्ने संस्थाहरुमा हाते पुस्तकका आज पाँच महिना हुँदासम्म किन वितरण गर्न सकेको छैन ? फगत दुई दिन म्यानपावर व्यवसायीहरुलाई गोष्ठी आयोजना गरी जानकारी दिएर के सरकारको दीर्घकालिन योजना सफल होला, प्रश्नको विषय बन्दैन र ?

वैदेशिक रोजगरमा जाने युवाको खातिर भन्दै गत ८ चैत्र २०७९मा सामाजिक सुरक्षा कोषको अवधारण औपचारिकरूपमा घोषणासहितको कार्यान्वयमा ल्याएको योजना सरकारबाट सार्वजनिक गरियो । सो अवधिबाट २०८० साउन १७ सम्म करिब दुई लाख ५९हजार श्रमिकहरु



*फगत श्रम स्वीकृतिका नाममा सामाजिक सुरक्षा कोष भनेर श्रम विभागले रकम बुझिलिने गर्दछ । यो सामाजिक सुरक्षा कोषको रुपमा कामदारहरुमा थपिएको आर्थिकभार र सरकारले गरेको यो व्यवस्था प्रक्रियागत निकै अव्यवस्थित छ । सामाजिक सुरक्षा कोषको उपयोगिताका बारेमा सबै म्यानपावर कम्पनी वा अभिमुखीकरण तालिम प्रदान गर्ने संस्थाहरुमा हाते पुस्तकका रुपमा आजसम्म पनि किन वितरण हुन सकेन ?*

सामाजिक सुरक्षा कोषमा आवद्ध भएको तथ्यांक सामाजिक सुरक्षा कोषले जानकारी गराएको छ । जसमा उल्लेखित श्रमिकहरुबाट ४६ करोड ४६ लाखको योगदान रकम संकलन भएको छ । सरकारले लक्षित युवाहरुको उमेर ६० वर्षसम्म हुँदा मासिकरूपमा योगदान न्युनतम दुई हजार दुई रूपैंयाबाट अधिकतम २८ हजारसम्म सामाजिक सुरक्षा कोषमा योगदान गर्न सक्ने भन्दै गर्दा यसको सकारात्मक पाटोलाई किन स्थापित गर्न चाँहदैन ? के सरकार एक महिनाको रकम असुल्ने कामदारहरुले अर्को महिनाबाट योगदान गरोस्, नगरोस् कुनै सरोकार नराख्ने हो भने यो सरकारको नियोजित धन्दामा हो । होइन भने सरकारले म्यानपावर कम्पनीबाट गरिने वैदेशिक रोजगार विज्ञापनमै वा अन्य थप माध्यमबाट श्रमिकहरुलाई यथोचित सूचना प्रवाह गरी उनीहरुलाई सामाजिक सुरक्षा कोषमा आवद्ध भएपछि नियमितरूपमा योगदान गर्नुपर्छ र त्यसबाट लिनुपर्ने लाभ राज्यसँगै कामदारहरुले पनि सँगै ग्रहण गर्न सक्छन् भनेर विश्वास दिलाउनु पर्दैन ?

सरकारले वैदेशिक रोजगारमा श्रम स्वीकृति लिएर गएका कति कामदारहरुले सामाजिक सुरक्षा कोषको खाता नविकरण गरे भन्ने जानकारी नगराएकाले पनि सरकारको नियतिमा शंका गर्ने आधार देखिन्छ । कामदारहरुलाई गुमराहमा राखेर सामाजिक सुरक्षा कोषको नाममा व्यवसायको धन्दा चलाउने नैतिक अधिकार सरकारसँग छैन । वैदेशिक रोजगारमा गएका श्रमिकहरुको सामाजिक सुरक्षाकोषलाई पुनर्ताजकि गराउन सम्बन्धित देशका नेपाली दुतावासहरुले पनि सकारात्मक भूमिका निर्वाह गर्नु पर्दछ ।

सरकारले यही आ.व.२०८०/०८१ बाट लागु हुने गरी वैदेशिक रोजगार सेवा शुल्कसम्बन्धी कार्यविधि २०८०, को पनि व्यवस्था गरेको छ । उक्त कार्यविधिमा व्यवसायीहरुले लिँदै आएको सेवा शुल्कको एक प्रतिशत रकम सम्बन्धित करदाता कार्यालयको सम्बन्धित खातामा अर्को महिनाको २५ गतेभित्र विवरणसहित जम्मा गर्नुपर्ने भन्ने छ । विज्ञापनमा उल्लेखित सेवा शुल्क बाहेक अन्य अवस्थामा केलाई सेवा शुल्क मान्ने भन्ने अन्यौल छ । मलेसियामा कामदार पठाउँदा सम्बन्धित म्यानपावर कम्पनीहरुले कुनै सेवा शुल्क लिन नपाउने नेपाल सरकारको मौजुदा प्रावधानमा र सम्बन्धित कम्पनीहरुले यदि म्यानपावर कम्पनीहरुलाई सेवा शुल्क उपलब्ध नगराए के शर्तका आधारमा सरकारलाई सेवा शुल्क तिर्ने भन्ने स्वीकार्य आधार देखिँदैन । कामदार पठाएको लामो समयसम्म यदि व्यवसायीहरुले सेवा शुल्क प्राप्त नगरे के हुन्छ भन्ने पनि अन्योल छ । महत्वपूर्ण कुरा त यो छ कि भिजिट भिषामा जाने कामदारहरुको जोखिम अधिक छ, उनीहरुलाई संस्थागत ढंगले वैद्यानिक प्रक्रियामा ल्याएर वैदेशिक रोजगारीमा पठाउन केही प्रावधान र शर्तहरु हुँदा हुँदै पनि नेपालको अध्यागमन विभागबाट भिजिट भिषामा जाने निरन्तरता कायमै छ । साथै, व्यक्तिगतरूपमा श्रम स्वीकृति लिएर वैदेशिक रोजगारमा जाने लाखौं युवाहरुलाई पनि अनिवार्य संस्थागत गर्न सके राज्यले व्यक्तिगतरूपमा पठाउँदा गुमाएको राजश्व र कामदारहरुलमा हुनसक्ने सम्भावित जोखिमको जिम्मेवारी बहन पनि म्यानपावर संस्थाले लिने हुँदा राज्य र श्रमिकहरुको जवाफदेहिता आधार म्यानपावर संस्था बन्ने देखिन्छ ।

व्यक्तिगतरूपमा कामदारहरु जाँदा कामदारहरु आर्थिक ठगीमा पर्ने, उनीहरुको उद्धारमा सरकारको पनि उपस्थिती नदेखिने हुन्छ । यसर्थ, वार्षिक लाखौंको व्यक्तिगत श्रम स्वीकृति लिएर कतार, दुवई, मलेसिया, बेलायतलगायत युरोपका देशहरुमा गएका कामदारहरुको भरोसाको माध्यम बनाउन व्यक्तिगत स्वीकृतिलाई संस्थागत स्वीकृतिमा आबद्ध गराउनै पर्दछ । सरकार आफ्ना नागरिकहरुप्रति जिम्मेवार रहनै पर्छ ।

## सामाजिक सञ्जाल



- भुवन थापा

भद्रा घलेको आश्रम भत्कियो । राप्रपाको पार्टी कार्यालय भत्किँदैछ । अब काठमाडौंमा सरकारी जग्गामा बनेको लोसपाको कार्यालय, नेपाल चिकित्सक संघको भवन, चार रोपनीमा बनेको पासाङ ल्हामु प्रतिष्ठानमा डोजर कहिले चल्छ ? ललितपुरमा १३ रोपनी ओगटेको एमाले पार्टी कार्यालय बसेको तुलसीलाल स्मृति भवन के हुन्छ ?



- नवरथ बानिया

"जब पैसा बोल्न थाल्छ, सत्य चुप लाग्छ ।" लुम्बिनी विकास कोषको उपाध्यक्ष नियुक्तिमा मन्त्री किराँतीको ईमान बेचिएको तथ्यलाई सत्ता साझेदार कांग्रेसको स्वामित्व ग्रहण नगर्ने कुराले पुष्टि गरिदियो । के कांग्रेसको काम यसो भन्दै सत्ता भोग गर्ने मात्र हो ? खै जवाफदेहीता ?



- बद्रि विनोद खनाल

वर्षातसँगै खोलाहरूमा पानीको सतह अस्वभाविक किसिमले वढेको छ । खोला किनारमा घर हुनेहरूको मन स्थिरमा छैन । मन स्थिरमा भएकाले सम्झाउने बुझाउने गरौं । यो समस्या मेरै हो भनि सक्दो सहयोग गरौ । खोलो मिचेर घर बनाएको थिइस्, बल्ल खाइस नभनौं । खोलो उसले मिचेको होइन सरकारका अजिर्णहरूले मिच्न लगाएका हुन् ।



- गिरिश गिरी

बर्खा लागेपछि राजधानीबाटै पनि ढुक्क भएर बाहिर निस्कने कुनै बाटो सुरक्षित छैन । अन्तका त कुरै छाडौं । पञ्चायत कालमै बनेका यी राजमार्गलाई मर्मत चाहिएको थियो । तर, हाम्रो ध्यान बाटोको अवस्थाभन्दा नाम परिवर्तनमा केन्द्रित भयो र लोकमार्ग भन्न लगायौं । लोकलाई यसबाट के फाइदा भयो ?

# अक्टोबर क्रान्ति र कम्युनिष्ट आन्दोलन

विचार



● राजन तिमल्सिना

सन् १८४७ मा स्थापित कम्युनिष्ट लिगको तर्फबाट कार्ल मार्क्स र फ्रेडरिक एंगेल्सले कम्युनिष्ट घोषणापत्रको मस्यौदा तयार गरी साम्यवादी समाजको महान लक्ष्य बनाएका थिए । वर्तमान युगमा सर्वहारा श्रमिक वर्गलाई सबैखाले शोषण, उत्पीडन र बन्धनबाट मुक्त गर्ने कम्युनिष्ट सिद्धान्त, मार्क्सवाद-लेनिनवाद-माओवादको रूपमा विकसित भएको छ । मालेमावादको विकासक्रममा अनेकन उतार चढाव, फूट, विभाजन, एकता, क्रान्ति र प्रतिक्रान्तिका श्रृखलाहरु विकसित भए । यसक्रममा प्रथम पेरिस कम्युन सन् १८७२ पछि, दोश्रो स्तालिनको मृत्यु सन् १९५३ पछि र तेश्रो चीनमा माओको मृत्यु सन् १९७६ पछि निरन्तरतामा क्रमभंग हुन पुग्यो ।

पेरिस क्रान्तिको निरन्तरतामा लामो समयसम्म भएको अन्योलताको जिम्मेवारी तात्कालीन नेतृत्व पंक्तिको अर्दूदशीताको कारण थियो भने रुसी र चिनियाँ क्रान्तिपछि भएको प्रतिक्रान्ति मार्क्सवादभित्र संशोधनवादको पकड हुनुमा रह्यो । सोभियत संघमा साम्यवादी विकासलाई अवरुद्ध गर्न खुस्चेभी संशोधनवाद प्रमुख जिम्मेवार छ भने समाजवाद निर्माणमा लम्किरहेको चिनियाँ समाजलाई पुँजीवादमा परिणत गराउन देङ सियाओ पेङको संशोधनवादी विचार र कार्यदिशा मुख्य जिम्मेवार रहेको पाइन्छ ।

मार्क्स, लेनिन र माओले संशोधनवादी खतराका विरुद्ध लड्नका मार्क्सवादी सिद्धान्त, विचार, रणनीति र कार्यनीतिको नयाँ स्तरमा विकास गरे । माओले विश्व कम्युनिष्ट आन्दोलनको सकारात्मक र नकारात्मक शिक्षाबाट 'क्रान्तिको निरन्तरता'को सिद्धान्त 'महान सर्वहारा सांस्कृतिक क्रान्ति'को राजनीतिक-फौजी कार्यदिशा विकास गरे । यसरी विश्व कम्युनिष्ट आन्दोलनमा मार्क्सवाद सँगसँगै संशोधनवाद पनि उत्तिकै बलशाली बन्दै आएको छ । आज विश्वमा संशोधनवादी दबदबाले रातो झण्डा बोकेर रातो झण्डाविरुद्ध पुँजीवादको सेवा गरिरहेको छ ।

मार्क्सवादको आंशिक प्रयोग पेरिस कम्युनमा भयो भने सफल प्रयोग सन् १९१७ मा भी.आई.लेनिनको नेतृत्वमा रुसमा सम्पन्न समाजवादी क्रान्तिले पूरा गरेको हो । सोभियत समाजवादी व्यवस्था आज इतिहास बनिसकेको छ । यद्यपि रुसी क्रान्ति र सोभियत समाजवादी व्यवस्थाको महत्व र उपदेयता आज पनि त्यत्तिकै सान्दर्भिक, औचित्यपूर्ण र ऐतिहासिक छ ।

कार्ल मार्क्सको सर्वहारावर्गको अधिनायकत्व स्थापना गर्ने सिद्धान्तको व्यावहारिक प्रयोग रुसी क्रान्ति हो । सन् १८७१ मा भएको पेरिस कम्युनको स्थापना र त्यसको अस्थायी धक्काको मुख्य जगमा रुसी क्रान्ति भएको थियो । कार्ल मार्क्सको जीवनकालमा सर्वहारावर्गले स्थापना गरेको पेरिस कम्युन प्रतिकृयावादी सड्यन्त्रबाट ७२ दिनमै प्रतिक्रान्ति बदलियो । पेरिस कम्युन कम्युनार्डहरुको नेतृत्वमा भयो भने रुसी क्रान्ति बोल्सेभिकहरूको नेतृत्वमा सम्पन्न भयो ।

मजदूर वर्ग निर्णायक शक्ति रहेको रुसी क्रान्तिमा किसानवर्ग क्रान्तिको शक्तिशाली सहयोगी बनेका थिए । सन् १९०५ मा विद्रोह असफल भए पनि सन् १९१४ बाट सुरु भएको पहिलो विश्वयुद्धसँगै अक्टोबर समाजवादी क्रान्तिका आधार खडा भएको थियो । लेनिनले विश्व युद्धलाई साम्राज्यवादीहरूका बीचको लडाइँ भएकाले त्यसमा संलग्न नहुन विश्वव्यापी आह्वान गरेका थिए ।

रुसको सन् १०१७ फेब्रुअरीमा पुँजीवादी प्रजातान्त्रिक क्रान्तिले जारशाहीको अन्त्य गरेको थियो । लेनिनले पुँजीवादी क्रान्तिले साम्राज्यवादी उत्पीडनबाट रुसी जनतालाई मुक्त गर्न सक्दैन क्रान्तिकारीहरूले त्यसको विरोध गर्नुपर्छ र क्रान्तिलाई निरन्तरता दिन आह्वान गरेका थिए । त्यसको फलस्वरूप सन् १९१७ अक्टोबर २५ तारिखमा लेनिनको नेतृत्वमा रुसी क्रान्ति सम्पन्न भयो । रुसी क्रान्तिले क्रान्तिको नयाँ स्वरूप निर्माण गर्नुका साथै क्रान्तिका लागि नयाँ चेतनाको विश्वव्यापी सञ्चार गरायो ।

रुसी क्रान्तिले समाजवादको आधारशीला निर्माण गर्दै उत्पादनका साधानमाथि पहिलो पटक सर्वहारा वर्गको हातमा हस्तान्तरण गर्ने आधार तय गर्‍यो । मानव जातिको इतिहासमा अक्टोबर क्रान्ति नयाँ युगको सुरुवात थियो । यसले सर्वहारा क्रान्तिको मार्गचित्र कोरिदियो । रुसी क्रान्तिको सफलता र शिक्षाबाट अन्य कैयौ देशमा क्रान्ति सम्पन्न भए । यो समाजवाद स्थापना गर्ने क्रान्ति मात्र थिएन, यो साम्राज्यवाद विरोधी क्रान्ति र नयाँ युगको शंखधोष पनि थियो ।

रुसी क्रान्तिपछि संसार भरका न्यायप्रेमी तथा मुक्तिगामी समुदायले उपनिवेश र साम्राज्यवादको विरोध गरे । ती उपनिवेश र साम्राज्यवादको जाँतोमा पिल्सिएका देशले स्वतन्त्रता प्राप्त गरे । रुसी क्रान्तिले समाजवादी क्रान्ति मात्र होइन, पुँजीवादी जनवादी क्रान्तिको बिगुल पुक्यो । पुँजीवादी क्रान्तिले मौलिक तथा प्रजातान्त्रिक अधिकारका लागि विश्वब्यापी जगरण पैदा गरायो ।

रुसी क्रान्तिपछि स्थापित सोभियत संघले विश्व साम्राज्यवादलाई टक्कर दियो । साम्राज्यवाद र उपनिवेशवाद चलाइरहेका पुँजीवादी देशका लागि रुसी क्रान्ति र त्यसले दिएको सन्देश ठूलो चुनौती बन्यो । रुसी मोडलको आर्थिक, सामाजिक तथा राजनीतिक मोडल संसारका लागि अनुकरणीय बन्यो । शोषणरहित समाज निर्माणको आधार रुसी क्रान्तिले खडा गरायो । पुँजीवादी शोषणको चिहान खन्ने र नौलो समाज र संस्कृति निर्माणमा अक्टोबर क्रान्तिको ऐतिहासिक भूमिका रह्यो ।

सन् १९१७ मा अक्टोबर क्रान्तिसँगै विश्वमा कम्युनिष्ट पार्टीहरू तीव्ररूपमा निर्माण भए । सन् १९१८ मा जर्मन कम्युनिष्ट पार्टी, १९२१ मा चिनियाँ कम्युनिष्ट पार्टी र १९२८ मा भारतीय कम्युनिष्ट पार्टीको स्थापना भयो । नेपालमा पनि २२ अप्रिल १९४९ का दिन नेपाल कम्युनिष्ट पार्टीको स्थापना भएको थियो । अक्टोबर क्रान्ति भएको ३२ वर्षपछि नेपालमा कम्युनिष्ट पार्टीको स्थापना भएको थियो ।

अक्टोबर क्रान्तिले समाजवादी आन्दोलनलाई बल प्रयोगको विधिबाट सम्पन्न गर्न सक्ने पाठ सिकायो । परिणामतः विश्वका कम्युनिष्टले सशस्त्र बल प्रयोगको विधिलाई प्रयोग गरे । अक्टोबर क्रान्तिसँगै विश्वमा समाजवादी कित्ताको निर्माण भयो । परिणामतः २० औं शताब्दी सशस्त्र संघर्षको युग जस्तै भयो । पहिलो विश्वयुद्ध र दोस्रो विश्वयुद्धलाई अलग गर्दा पनि अनगिन्ती सशस्त्र संघर्ष भएको इतिहास ताजै छ ।

सन् १९५० देखि १९५३ सम्म कोरियाली प्रायदीपको युद्ध, १९६५ देखि १९७३ सम्मको भियतनामको युद्धजस्ता ठूला युद्धहरू अक्टोबर क्रान्ति अर्थात् कम्युनिष्ट आन्दोलनसँग जोडिएर भए । पूर्वी युरोप र एसिया क्षेत्रमा अक्टोबर क्रान्तिको प्रभाव बढी पर्‍यो । विश्वका धेरै देशमा कम्युनिष्ट पार्टीहरूको स्थापना भए । ती देशमा अक्टोबर क्रान्तिको नक्कल गरिए । सन् १९४९ मा चिनियाँ कम्युनिष्ट पाटी र त्यसका नेता माओत्सेतुङको नेतृत्वमा चीनमा नयाँ जनवादी क्रान्ति सम्पन्न भयो ।

उक्त क्रान्तिपछिको साम्यवादी सत्ता सञ्चालनको विषय चर्चायोग्य समेत रह्यो । यो सय वर्षको अवधिमा साम्यवादी सत्ताले विश्वलाई के दियो भनेर हेर्न आवश्यक छ । यो विषय अक्टोबर क्रान्तिको विषयसँगै जोडिन्छ र जोडिनु पनि पर्छ । सय वर्षको यो अवधिमा सन् १९२२ मा सोभियत संघको निर्माण भयो भने १९९० सोभियत संघ विघटन भयो । पहिलो विश्वयुद्धको समाप्ति नहुँदै भएको यो क्रान्तिले दोस्रो विश्वयुद्धलाई रोक्न सकेन । केही तानाशाही सत्ता ढले । राष्ट्रिय स्वाधीनताको आन्दोलन उत्कर्षमा पुग्यो ।

यस अवधिमा प्रायः सबै औपनिवेशिक देशहरू स्वतन्त्र भए । सर्वहारा वर्गको सत्ता निर्माण गर्ने नाममा बुर्जवा तथा नोकरशाही सत्ताहरूको अगाडि ठूलाठूला चुनौती खडा भयो । अक्टोबर क्रान्तिलाई आदर्श मान्दै बनेका कम्युनिष्ट पाटीले सामाजिक रूपान्तरणमा महत्वपूर्ण योगदान गरे ।

मार्क्सवादले परिकल्पना गरेको दर्शन र राजनीतिक क्रान्तिको औचित्य अहिले पनि त्यतिकै सान्दर्भिक र आवश्यक छ भने महान समाजवादी क्रान्तिको आधारस्तम्भ बनेको अक्टोबर क्रान्तिको प्रभाव १०६ वर्षसम्म पनि घटेको छैन । यो क्रान्तिको युगान्तकारी महत्वलाई विश्वका कुनै पनि साम्राज्यवादी र पुँजीवादीहरुले नष्ट गर्ने सक्ने छैन ।

## तपाईको राशिफल

| | | |
|---|---|---|
| मेष | : | नाता-गोता सित भेटघाट हुनेछ । वाणी संयम राख्नुहोला । |
| वृष | : | पुरानो कार्य बन्नेछ । पारिवारिक जीवन सुखी रहनेछ । |
| मिथुन | : | रुकावटहरु समाप्त हुनेछन् । धार्मिक कार्यमा रुचि बढ्नेछ । |
| कर्कट | : | सम्पत्तिमा वृद्धि हुनेछ । साथीभाइबीच सुमधुर सम्बन्ध बनिरहनेछ । |
| सिंह | : | पराकममा वृद्धिको योग छ । धर्मपालनामा रुचि देखिन्छ । |
| कन्या | : | अनावश्यक खर्चमाथि नियन्त्रण राख्नुहोला । स्वास्थ्य राम्रो रहनेछ । |
| तुला | : | सबै कार्य सफल हुनेछन् । पदोन्नतीको योग छ । |
| वृश्चिक | : | जग्गासम्बन्धी कार्यमा प्रगति हुनेछ । वाणी संयम राख्नुहोला । |
| धनु | : | अचल सम्पत्तिमा वृद्धि हुनेछ । परिश्रमबाट कार्य सफल हुनेछ । |
| मकर | : | धार्मिक कार्यमा रुचि बढ्नेछ । स्वास्थ्य राम्रो रहनेछ । |
| कुम्भ | : | शान्तिमा वृद्धि हुने योग छ । पारिवारिक दायित्व बढ्नेछ । |
| मीन | : | मनोबल उच्च रहनेछ । सम्बन्धहरुमा मधुरता आउनेछ । |



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# एकै परिवारका चार सन्तानमा बौद्धिक अपाङ्गता



**बिन्द्र राई/मध्यान्ह**
उदयपुर, २३ साउन

उदयपुरको त्रियुगा नगरपालिका-७ चुहाडे बस्ने बिनोद दनुवारका चारै सन्तान शारीरिक रुपमा सुस्तमनस्थिति तथा पूर्ण बौद्धिक अपाङ्गता रहेका छन् । दनुवारले आफ्नो जीवनसाथी (श्रमती)लाई गुमाएको वर्षौं भए पनि एक्लै एक वृद्धा आमा र चारै छोराहरुलाई स्याहारसुसार गर्दै आएको वर्षौं वर्ष बितिसक्यो ।

'छोराहरू जवान भइसके, गरिखाने बिहेवारि गर्ने र आफूसहित परिवारलाई पालनपोषण गर्ने बेलामा उल्टै अहिले यस्तो अवस्थामा छु,' उनले दुःख पोखे । उनले छोराहरु बाहिर निस्किएर हराउने भएका कारण घरको चारैपट्टि घेराबेरासमेत गरेको बताउँछन् । उनका छोराहरु जेठा भरत दनुवार ३४, माहिला पर्वत दनुवार ३१, साहिला जयराम दनुवार २८ र कान्छा सिताराम दनुवार १९ वर्षका भएका छन् ।

उनले छोरा भरत जन्मेको दुई वर्षको हुँदा यस्तो समस्या देखापरेको र अन्यको पनि बीचमा यस किसिमका समस्याहरू देखिँदै गएको बताए । दनुवारले आफ्नी श्रीमती गुमाएपछि एक्लै आमा र छोराहरूको स्याहारसुसार, सरसफाइ, पालनपोषण गर्दै आएका छन् । दनुवारले साहिला छोरा पथरी रोगी भएपनि उपचार भइरहेको बताए । उनले छोराहरुको अपाङ्गता भत्ता र केही निजीरुपमा आर्थिक सहयोग आएपनि अन्यबाट केही सहयोग नआएको बताए ।

दनुवारको चार सन्तान छोराहरूले सम्बन्धित संस्थाबाट पूर्ण बौद्धिक अपाङ्गता 'क' वर्गको परिचयपत्र लिएका छन् । अस्पतालको स्वास्थ्य परीक्षणबाट शारीरिकरुपमा सुस्तमनस्थिति तथा पूर्ण बौद्धिक अपाङ्गता रहेको प्रमाणित भएपछि उनीहरुलाई 'क' वर्गको परिचयपत्र दिइएको त्रियुगा नगरपालिका सामाजिक विकास शाखाको अपाङ्गता क्षेत्रमा कार्यरत अम्बिका भट्टराईले बताइन् ।

# दोलखामा ५६ सय सवारी साधनलाई कारबाही

**ईश्वर विश्वकर्मा/मध्यान्ह**
चरिकोट, २३ साउन

जिल्ला ट्राफिक प्रहरी कार्यालय दोलखाले ४८ लाख ३८ हजार रुपैयाँ राजस्व संकलन गरेको छ । कार्यालयले गत आ.व. २०७९/८० मा ट्राफिक नियम विपरीत चलेका पाँच हजार ६ सय ५० वटा सवारी कारबाहीबाट उक्त राजस्व संकलन गरेको हो ।

सवारी साधन अनुमति पत्र साथमा नभएका, क्षमताभन्दा बढी यात्रु बोकेका, प्रयोजन विपरीत चलेका, गति तीव्र भएका सवारी साधनलाई कारबाही गरिएको कार्यालयले जनाएको छ । ट्राफिक प्रहरी कार्यालय दोलखाका प्रमुख देवकुमार घिसिङले जिल्लामा सवारी साधनको चाप बढ्दै जाँदा ट्राफिक नियम मिच्नेहरु पनि बढ्न थालेको बताए । त्यस्ता सवारीबाट ट्राफिक प्रहरीले कारबाही स्वरुप जरिवाना असुल्दै आएको छ ।

उनले ट्राफिक अनुशासन कायम राख्दै दुर्घटना न्यूनिकरण गर्ने उद्देश्यले ट्राफिक नियम नटेर्ने सवारीलाई कारबाही गरिएको बताए । 'हाम्रो प्रमुख उद्देश्य दुर्घटना न्यूनीकरण गर्नु हो । जरिवाना मात्र असुल्नु होइन,' प्रमुख घिसिङले भने । उनले ट्राफिक नियमको परिपालना गर्नु सवारी चालकको कर्तव्य र नियम मिच्नेलाई कारबाही गर्नु ट्राफिक प्रहरीको दायित्व रहेको बताए । ट्राफिक अनुशासन कायम राख्न ट्राफिक प्रहरीको जिम्मेवारीअनुसार नियमित चेकजाँच, कारबाही र सचेतनाका कार्यहरु सञ्चालन भइरहेको उनले जानकारी दिए ।

## दुर्घटनामा कमी

जिल्लामा सवारी साधन दुर्घटना हुने क्रम रोकिएको छैन । अधिकांश दुर्घटनाको कारण चालकको लापरबाही रहेको ट्राफिक प्रहरीले जनाएको छ । चालकको लापरबाही रोकिने हो भने दुर्घटना न्यूनिकरण हुने प्रमुख घिसिङले बताए । गत आ.व.मा २७ वटा सवारी साधन दुर्घटना भएको उनले बताए ।

दुर्घटनामा परी ५ जनाको मृत्यु हुनुका साथै ५४ जना घाइते भएका छन् । अघिल्लो आ.व.को तुलनामा गत आ.व.मा सवारी दुर्घटनामा कमी आएको हो । अघिल्लो आ.व. २०७८/०७९ मा ४२ वटा सवारी साधन दुर्घटना भएको थियो । सो दुर्घटनामा ६ जनाको मृत्यु भएको थियो भने ७८ जना घाइते भएका थिए । ट्राफिक नियम मिचेर सवारी चलाउने, पुराना र थोत्रा सवारी साधन चलाउने गर्दा दुर्घटना हुने गरेका छन् । त्यस्तै यान्त्रिक खराबी र सडकको दुरावस्थालगायतका कारण सवारी दुर्घटना हुने गरेका छन् । आधुनिकता, सुविधा मोहका कारण सडकको क्षमताभन्दा बढी सवारी साधनको चाप भइरहेको अवस्थामा ट्राफिक नियम उल्लंघन र दुर्घटना हुन नदिन सचेत हुनुपर्ने प्रमुख घिसिङ बताउँछन् । सवारी दुर्घटना हुन नदिन चालकको प्रमुख जिम्मेवारी हुने, त्यसपछि यात्रु र ट्राफिक प्रहरीको हुने ट्राफिक प्रहरी प्रमुख घिसिङले बताए ।


## परिदृष्य बचत तथा ऋण सहकारी संस्था लि.का बचत तथा ऋणी सदस्यहरुलाई जरुरी सूचना

**सूचना प्रकाशित मिति २०८०/०४/२४ गते**

यस संस्थाको नियमित कारोवार का.म.न.पा.वडा नं. १३, ताहाचल, कालिमाटीबाट भईरहेको जानकारी गराउँदै संस्थाबाट ऋण लिनुहुने सदस्यहरुलाई संस्थाको कार्यालयमा ऋण चुक्ता गरेको भए प्रमाण र तिर्न बाँकी रहेको भए संस्थाको कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गर्दछौं साथै संस्थामा बचत गर्नुहुने बचत कर्ता सदस्यहरुलाई पनि बचत जम्मा गरेको प्रमाण सहित यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र संस्थाको कार्यालयमा सम्पर्क राख्नु हुन अनुरोध गर्दछौं । संस्थाको बार्षिक साधारण सभा मिति २०८० साल भाद्र ३० गते शनिवार दिउँसो १.०० बजे, मसला कटेज, टेकुमा हुने भएकोले सदस्यहरुले आफ्नो प्रमाण सहित उपस्थितीका लागि हार्दिक निमन्त्रणा गर्दछौं ।

**सचिव** — **रोसन शाही** — **९८४१४९९७१९**

**अध्यक्ष** — **रामसुन्दर घिमिरे** — **९८५११०५४६९**



## कर्मचारी नरहेको सूचना

नेपाल सरकारबाट बैदेशिक रोजगार व्यवसाय सँचालन गर्न इजाजत प्राप्त यस **मदरल्याण्ड ओभरसिज प्रा.लि.** श्रम इजाजत पत्र नं. ३३९/०५९/०६० मा कार्यरत निम्न कर्मचारीहरु हाल यस कार्यालयमा कार्यारत नरहेको सम्बन्धित सबैमा जानकारी गराइन्छ । साथै निज व्यक्तिहरुसँग यस प्रा.लि.को नाममा वैदेशिक रोजगार सम्बन्धी कुनै पनि आर्थिक कारोबार नगर्न/नगराउनु हुन यसै सार्वजनिक सूचनाद्धारा सम्बन्धित सबैमा जानकारी गराइन्छ र यदि यसो गरे/गरायमा यस प्रा.लि. जिम्मेवार हुने छैन । साथै कुनै दावी विरोध भएमा ७ दिन भित्र यस प्रा.लि. मा वा वैदेशिक रोजगार विभागमा सम्पर्क गर्नहुन अनुरोध गरिन्छ ।

| सि.नं. | कर्मचारीहरुको नाम | कर्मचारीहरुको पद | नागरिकता नं. | स्थायी ठेगाना |
|---|---|---|---|---|
| १. | भिमराज पौडेल | संचालक | ५७७३/५७६ | मादी मुलखर्क-७, संखुवासभा |
| २. | शारदा ओली क्षेत्री | डकुमेन्टेशन अफिसर | ११४३३/४९००३ | तारकेश्वर-१७, काठमाडौं |
| ३. | सरस्वती खडका | रिसेप्सनिष्ट | २१५२८ | गोकर्णेश्वर-६, काठमाडौं |
| ४. | लक्ष्मी झा | रिसेप्सनिष्ट | १७१०६८/१६२० | बघचौडा-५, धनुषा |
| ५. | नरेन्द्र सिंह ठगुन्ना | व्यावसाय प्रवन्धक | ७७८००७४३ | महेन्द्रनगर, कञ्चनपुर |
| ६. | सोमकाजी गुरुङ | श्रम प्रतिनिधि | ५७८१ | मुकताङले-८, पर्वत |
| ७. | मदन श्रेष्ठ | लेखापाल | ४५१०४६/१३८७९ | चर्कतिर्थ-५, लमजुङ |
| ८. | हेमराज के.सी. | सवारीचालक | १७९७३ | डाँछी-९, काठमाडौं |

**मदरल्याण्ड ओभरसिज प्रा. लि.**
श्रम इजाजत पत्र नं. ३३९/०५९/०६०
Opposite of Basundhara Chowki, Ph.: 01-4361111, 4366318, Fax: 436474
Email : motherlandovs@gmail.com, info@motherlandovs.com



## मलेसियामा वैदेशिक रोजगारीको अवसर !!

रोजगारदाता कम्पनी : टयाम्को स्वीचगियर (मलेसिया) एसडिएन बिएचडी — ठेगाना :सेलाङ्गर
(Employer Company) : TAMCO SWITCHGEAR (MALAYSIA) SDN BHD — Address: Selangor

| पूर्व स्वीकृत मितिः | २०८०/०४/२३ | चलानी नं.: | ६०२०५८३६ | एल टि नं.: | २९०५९२ |
|---|---|---|---|---|---|
| Pre Approval Date: | 2023/08/08 | Invoice No.: | 60205836 | L.T. No.: | 290592 |

| सि.नं S.N. | कामदारको पद Worker's Position | माग संख्या Required No's पुरुष Male | महिला Female | न्यूनतम योग्यता Minimum Qualification | मासिक तलब Monthly Salary रिङ्गिट MYR | ने.रु. NPR | ओभरटाइम सुविधा OT Facility | प्रतिदिन काम गर्ने घण्टा Working Hours Per Day | हप्तामा काम गर्ने दिन Working Day Per Week | वार्षिक बिदा Annual Leave | खाना सुविधा Food Facility | बस्ने सुविध Accomodation Facility | करार अवधि Contract Period |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | ५० 50 | 0 0 | स. काममा दक्ष Experience in related work. | १५०० 1500 | ४३,४७० 43,470 | कम्पनीको नियम अनुसार As per the company rule | ८ घण्टा 8 Hours | ६ दिन 6 Days | मलेसिया सरकारको नियम अनुसार As per the Malaysia Govt. rule | छैन NO | रिङ्गिट ५० कामदार को मासिक तलबबाट काटिनेछ RM 50 deduction from monthly wage of worker | दुई वर्ष 2 Years |

अन्तर्वार्ता ऐक्शेस पार्टनर्स अफिस, बानेश्वर, काठमाडौंमा अनलाईन मार्फत मिति २०८० साउन ३१ गतेमा हुनेछ ।
**Online Interview will be held at Access Partners Office at Baneshwor, Kathmandu on 31 August 2023.**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले ब्यहोर्ने र कति लाग्ने Who will bear the Medical Examination Cost at Origin Country (Pre Medical) | बिदेशमा गर्ने मेडिकलको शुल्क कस्ले ब्यहोर्ने Who will bear the medical Examination Cost at Destination Country | स्वदेशमा गरिने म्यादि जीवन बिमा कस्ले ब्यहोर्ने/कति लाग्ने Who will bear the Insurance at Origin Country and how much is the cost | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने Insurance at work provided/not provided and premium borne by whom | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने Who will bear the workers Air Ticket and how much is the cost | भिषा शुल्क कस्ले ब्यहोर्ने Who will bear the Visa Cost | भिषा स्ट्याम्पीङ शुल्क कस्ले ब्यहोर्ने Who will bear the Visa Stamping Cost | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले ब्यहोर्ने How much is the Orientation Cost and who will bear it | कल्याणकारी कोष सम्बन्धी ब्यवस्था Management of Workers Welfare Fund | सेवा शुल्क कति लाग्ने र कस्ले ब्यहोर्ने How much is the Service Fee and who will bear it |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने उमेर १८ देखि ३५: ने.रु.३७०८।- उमेर ३६ देखि ५०: ने.रु.४९३१।- उमेर ५१ देखि ६४: ने.रु.९४६३।- By the Employer Age 18 to 35 : NPR 3708/- Age 36 to 50 : NPR 4931/- Age 51 to 64 : NPR 9463/- | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | ने.रु.७००।- रोजगारदाताले ब्यहोर्ने NPR 700/- By the Employer | ने.रु.१५००।- रोजगारदाताले ब्यहोर्ने NPR 1500/- By the Employer | निःशुल्क Free |

अन्तर्वार्ता कोभिड-१९ को सुरक्षा प्रक्रिया र सामाजिक दूरी कायम गरी आयोजना गरिनेछ ।
Interview shall be conducted adhering to social distancing guidelines and COVID-19 protocols.

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १.आफ्नो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस्। २.आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३.यस विज्ञापन (सूचना) मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४.विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनु पर्नेछ । ५.विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६.काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७.यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

Information provided by the Department of Foreign Employment (DOFE) 1.Confirm that visa is issued under your name 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement 4.Before going abroad orientation or induction training should be attended compulsorily 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 6.While going abroad use International Airport of Nepal or else you might be deceived 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment(DOFE), Buddhanagar.

**access partners pvt. ltd.**
Govt. Lic. No. 1520/074/075
Baneshwor, Kathmandu
Tel : +977-01-4105010, 4105017, Mobile: 9802352888 | 9807380555
Email: info@accesspartners.com.np | www.accesspartners.com.np



## UAE मा Male/Female Cleaner हरुलाई रोजगार

**Ag Facilities Solutions For Building Maintenance LLC**

पूर्व स्वीकृती मितिः २०८०/०४/२३ — चलानी नं. ६०२०५८६४ — LT No. : 290710

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्न सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Male Cleaner | 150 | 00 | काममा दक्ष | 950 | ३४,९५२।- | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ बर्ष |
| २. | Female Cleaner | 00 | 50 | काममा दक्ष | 1000 | ३६,०५४।- | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ बर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने /नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००/- कामदार आफैले | रु. ७००/- कामदार आफैले | निःशुल्क |

अन्तरवार्ता २०८० साउन ३१ गते (16 Aug., 2023) यस प्रा. लि. कार्यालय सिनामंगल, काठमाडौमा हुनेछ ।

बैदेशिक रोजगार विभागबाट गराईएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्यरुपमा लिनुहोला । २) आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफुसँग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग बुद्धनगर, नयाँबानेश्वरमा सम्पर्क राख्नुहोला ।

**अल जराफा ह्यूमन रिसोर्स कन्सल्टेन्ट प्रा. लि.**
श्रम इजाजत नं.: १५८/०६७/०६८
सिनामंगल, (NIC Asia Bank सँगै), काठमाडौं, फोनः ०१-४५९८१६२, ४५९३८७८
मोवाइल नं.: ९८०९४६५३१४, ९८१८८५१७३४, ९८४०५८१७२३
शाखा कार्यालय चितवन सम्पर्कः ०५६-४९४३११ ९८५५०६४९७८, ९८५५०५४९७९
शाखा कार्यालय पोखरा सम्पर्कः ०६१-५८७७७०, ९८०११३६६८५, ९८५६०३९७७०
शाखा कार्यालय जितपुर सिमरा सम्पर्कः ९७६५६९४००५, ९८२३७७४३२४



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनीः **HAIDARI TRADING CO WLL** — शहरः **DOHA**
पूर्व स्वीकृत मितिः २०८०/०४/१८ — चलानी नं.: ६०२०५५९१ — LT. No.: 290306

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 4 | 0 | स. काममा दक्ष | 1000 | ३६,१३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०८० साउन ३१ गते (16 August 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नुहोला ।

**ब्लु बर्ड ओभरसिज प्रा. लि.** License No.: 308/059/060
कालोपुल-३३, काठमाडौं, फोन : ४५३६८०२, ४५३८६३४, ४५३८९३५ मो.: ९८०२०५०५७१
E-mail : info@bluebirdoverseas.com, www.bluebirdoverseas.com



## मलेसियामा रोजगार

कम्पनीः **ROBUSTA SECURITY SERVICES SDN BHD** — शहरः **SELANGOR**
पूर्व स्वीकृत मितिः २०८०/०४/२३ — चलानी नं.: ६०२०५८२४ — LT. No.: 290548

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 10 | 0 | स. काममा दक्ष | 1500 | ४३,४७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० साउन ३१ गते (16 August 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

**D.A. HUMAN RESOURCE PVT. LTD.**
ईजाजत नं. १५५४/०७५/०८०
Kathmandu-31, Santinagar, Nepal, Tel : 01-5911493, 01-5911494
Email: info@dahumanresource.com, Website: dahumanresource.com



## कतारमा रोजगार

कम्पनीः **UNITED SECURITY SERVICES CO** — शहरः **DOHA**
पूर्व स्वीकृत मितिः २०८०/०४/२३ — चलानी नं.: ६०२०५८७१ — LT. No.: 290609

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Guard | 1 | 3 | स. काममा दक्ष | 1500 | ५४,१९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० साउन ३१ गते (16 August 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

**पुकार इन्टरनेशनल रिक्रुटमेन्ट प्रा. लि.**
श्रम इजाजत पत्र नं.: ७८३/०६५/०६६
टोखा न.पा.-११, महादेवटार, सामाखुसी, काठमाडौं,
फोनः ४९८८७५४, ४९८८७५५, E-mail : info.pukaragency@gmail.com



## साउदीमा रोजगार

कम्पनी : **ABDUL HAKIM MOHAMMED AL-ADEEB AND PARTNERS COMPANY** — शहर : **RIYADH**
पुर्व स्वीकृत मितिः२०८०/०४/१७ — चलानी नं.:६०२०५५१० — LT. No.:290242 — पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Workshop Worker | 30 | 0 | स. काममा दक्ष | 1200 | ४२,२५२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

## मलेसियामा रोजगारको अवसर

कम्पनी : **IDEAL FOAM (M) SDN BHD** — शहर : **SENAWANG**
पुर्व स्वीकृत मितिः२०८०/०४/२३ — चलानी नं.:६०२०५८४१ — LT. No.:290578

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 30 | 0 | स. काममा दक्ष | 1500 | ४३,४७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० साउन ३१ गते (16 August 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

**AASHIN OVERSEAS PVT. LTD.**
श्रम ई. पत्र नं. १२३५/०७४/७५
Sinamangal-9, Airport, Kathmandu, Tel.: 01-5902036, 5902037
Birtamod Contact Person ( Kumar G - 9852672177)



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनीः **ENTREPRENEURSHIP COMPANY TO PROVIDE MEALS** — शहरः **DAMMAM**
पुर्व स्वीकृत मितिः २०८०/०४/२२ — चलानी नं.: ६०२०५८१० — L.T. No.: 290517

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Labor | 1 | 0 | स. काममा दक्ष | 1000 | ३५२१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनीः **THARAA AL-ARD TRADING COMPANY** — शहरः **DAMMAM**
पुर्व स्वीकृत मितिः २०८०/०४/२२ — चलानी नं.: ६०२०५८११ — L.T. No.: 290518

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Truck Driver | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1800 | ६३३७८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Loading Unloading Labor | 5 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३५२१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० भदौ ३ गते (20 August 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

**अल-जाफर ईन्टरनेशनल प्रा. लि.**
श्रम इजाजत पत्र नं.: ३१८/०५९/०६०
सामाखुसी-२६, टाउनप्लानिङ, काठमाडौं, नेपाल, फोनः ४३९०२२२
Email : info.alzafarnepal@gmail.com, Web.: www.alzafarnepal.com



## साउदीमा रोजगार

१. कम्पनी : **TAIBA CAVALRY CORPORATION FOR GENERAL CONTRACTING** — शहर : **RIYADH**
पुर्व स्वीकृत मितिः २०८०/०४/२३ — चलानी नं.: ६०२०५८३० — LT. No.: 290598

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver Heavy Equipment | 3 | 0 | स. काममा दक्ष | 1800 | ६३,३७८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

२. कम्पनी : **KILL PLUS RESTAURANT FOR SERVING MEALS** — शहर : **RIYADH**
पुर्व स्वीकृत मितिः २०८०/०४/२३ — चलानी नं.: ६०२०५८२९ — LT. No.:290597

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Worker | 1 | 0 | स. काममा दक्ष | 1000 | ३५,२१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालयमा मिति २०८० साउन ३१ गते (16 August 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नुहोला ।

**Believable Overseas Pvt.ltd.**
ईजाजत नं. १२८३/०७४/०७५
Maharajgunj , Chakrapathe, Sallaghari, Kathmandu, Tel No: 01-4378500, 4378501



## यूएईमा रोजगार

कम्पनीः **PROFESSIONAL FIX FACILITIES MANAGEMENT LLC** — शहरः **UAE**
पुर्व स्वीकृत मितिः २०७९/०८/१४ — चलानी नं.:६०१९२४०६ — LT. No.: 276915 — पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 0 | 150 | सम्बन्धित काममा दक्ष | 1000 | ३५,९७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Cleaner Supervisor | 0 | 50 | सम्बन्धित काममा दक्ष | 2500 | ८९,९२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०८० साउन ३१ गते (16 August 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

